# जन आकाश

Jana Aakash National Weekly

राष्ट्रिय साप्ताहिक

वर्ष-१५ , अंक- ३५, २०७९ साल चैत्र २१ गते मंगलबार (April 4, 2023)

www.janaakash.com.np



**जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित**

www.janaakash.com.np

अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्कः ४१६७५७८ (बागबजार)

मोबाइलः ९८६१५८८४५६

Email: jana.news2065@gmail.com


# मेलम्चीको कथा, काठमाडौ बासीलाई के थाहा

मोहन कार्की

कुनैवेला स्वर्गीय कृष्ण प्रसाद भट्टराईको चुनवी नारा थियो । “मेलम्चीको पानीले काठमाडौंको सडक पखालीदिन्छु ।” त्यो २०४८ सालको आम निर्वाचनको भाषण हो । त्यतिवेला ३३ प्रतिशत, एसियाली विकास बैकको ४६ प्रतिशत, बाकी दातृ निकाय जाइका, नार्डिक साहायता कोष, ओपेक, संस्थाहरुको सहयोग रहने गरी परियोजना शुरु भएको थियो ।

उक्त परियोजना निर्माण गरी लक्ष्य नेपाली जनताले उपभोग गर्न अलिअलि महसुस हुन थालेको छ । तर अझै पुर्ण उपभोग गर्न भने पानी भित्रको राजनीतिक झेलले भट्टराईको सपना पुरा हुन सकेको छैन । मेलम्ची खानेपानी आयोजना शुरु भएदेखि झेलको भेलमा बगीरहेका छन् ।

हुदा हुदा नेपालका कन्ट्रूक्शन मात्र नभएर विदेशी कन्ट्रूक्शन चीनिया निर्माण कम्पनी चाइना रेलवे समेतको पानी माथिको झेलमा भेल बनेर तरिएको थियो ।

चीनको रेलवे कम्पनीले विसं २०६५ मा सुरुङ निर्माण गर्न ठेक्का सम्झौता, गरी २०६६ सालको सुरुमा सुन्दरीजलमा पहिलो ब्लास्ट गरी काम सुरु गरेको थियो । त्यस ठेक्का सम्झौता गर्न नेपालका बैकहरुले जमानी बसेका थिए । जसमा हालको ग्लोबल आईएमईमा मिसिएको त्यतिवेलाको बैक अफ काठमाडौ, हिमालयन बैक, हाल मेगालाई प्रप्ति गरेपछि बनेको नेपाल ईन्भेष्टमेन्ट मेगा बैक, चाईंना रेलवेको धरौटी ग्यारेन्टी बसेका थिए ।

विसं २०६९मा ६ किलोमिटर निर्माण गरिसकेपछि ठेक्का चाईना रेलवेले ठेक्का रद्द गरेर चिनिया निर्माण कम्पनी नेपालवाट फर्केको थियो । वीचमा काम छोडेर जाने निर्माण कम्पनीको धरौटी फिर्ता नदिने नेपालको कनुन अनुसार नेपालका धरौटी ग्यारेण्टी बसेका बैकहरु समेत समस्यामा परेका थिए । त्यो बाँकी ६ पृष्ठमा



कृष्ण प्रसाद भट्टराई तत्कालीन प्रधानमन्त्री समेत थिए । उनले त्यो काठमाडौ बासीहरुलाई खानेपानी पुऱ्याउने सपना वाडेका कारणले वा अन्य कारणले २०४८ सालमा भएको आम चुनावमा त्यतिवेलाका काठमाडौमा भोट हाल्ने जनतालाई थाहा होला निर्वाचनमा भट्टराईलाई पराजित गराएर निरुत्साहित बनाएका थिए ।

तर तिनै भट्टराईले अघि सारेको मेलम्ची खानेपानी आयोजना भने अगडी बढि छाड्यो । नेपाल सरकारको काठमाडौ उपत्यकामा खानेपानीको अभाव पुर्ति गर्ने र बढी भएको पानी बगेर जाने बागमतीमा मिसाउने र त्यो पानीले तराईका उर्वर क्षेत्रका आसपासमा सिचाई समेत पुऱ्याउने पाईलट प्रोजेक्टको रुपमा लिईएको थियो । नेपाली काँग्रेसका सभापति तथा देशको प्रधानमन्त्री साथै शन्त नेताको रुपमा छवि बनाएका भट्टराईको अविवाहित रहेर नै जीवन विर्सजन गरिसकेका छन् ।

तर उनले देखेको सपना लिएको अहिलेसम्म खानेपानी मन्त्री भएकाहरु मध्य धेरैले काठमाडौंमा घर जग्गा जोड्न सफल भईसकेका छन् । त्यसैगरी आयोजना प्रमुख बनेर आउने परियोजना प्रमुखहरु मध्य केही ईमानदार कर्मचारीहरुलाई छोडेर धेरैजतिले मेलम्ची खानेपानीको नामवाट धेरै वटा तारे होटलमा बिभिन्न कार्यक्रमको नाममा रकम झवाम पार्ने देखि लिएर ठेक्का लगाउने मेलोमा नेपालका प्रधानमन्त्री भईसकेका पुर्वमन्त्रीहरु समेत यो खानेपानीको

# राष्ट्रपतिको स्वास्थ्य अवस्था सुधारोन्मुख

काठमाडौं । राष्ट्रपति रामचन्द्र पौडेलको स्वास्थ्य अवस्था सुधारोन्मुख रहेको त्रिवि शिक्षण अस्पतालले जनाएको छ ।

अस्पतालका प्रशासन प्रमुख बैकुण्ठप्रसाद थपलियाद्वारा जारी प्रेस



विज्ञप्तिमा भनिएको छ, “स्वास्थ्यमा असहज भइ अस्पतालमा भर्ना हुनु भएका राष्टूपति पौडेलको उपचारमा संलग्न चिकित्सकका अनुसार उहाँको स्वास्थ्य अवस्था सुधारोन्मुख छ ।” उहाँ शनिबार अस्पतालमा भर्ना हुनुभएको थियो ।

राष्ट्रपतिको स्वास्थ्य अवस्थाबारे जानकारी लिन प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’, नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा, उपप्रधानमन्त्री तथा रक्षामन्त्री पूर्णबहादुर खड्का आज विहान अस्पताल पुग्नुभएको थियो । साथै सांसद् सुरेन्द्र आचार्य, पूर्वसभामुख तारानाथ रानाभाटलगायतले पनि भेट गरी स्वास्थ्य अवस्थाबारे जानकारी लिनुभएको राष्ट्रपति पौडेलका निजी स्वकीय सचिव चिरञ्जीवि अधिकारीले बताउनुभयो ।

# उपनिर्वाचनका लागि तीन क्षेत्रमा ६९ जनाको उम्मेदवारी दर्ता

काठमाडौँ । आगामी वैशाख १० गते हुने प्रतिनिधिसभा सदस्यको उपनिर्वाचनका लागि तीन वटा निर्वाचन क्षेत्रमा गरी ६९ जनाले मनोनयन दर्ता



गराएका छन् । जसमा ३३ जना दलको तर्फबाट र ३६ जना स्वतन्त्र रहेको निर्वाचन आयोगले जनाएको छ । आयोगका अनुसार सोमबार उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने कार्यक्रम तीन वटै निर्वाचन क्षेत्रमा शान्तिपूर्ण रूपमा सम्पन्न भएको छ ।

चितवन जिल्ला निर्वाचन क्षेत्र नं. २, तनहुँ जिल्ला निर्वाचन क्षेत्र नं. १ र बारा जिल्ला निर्वाचन क्षेत्र नं. २ मा हुने उपनिर्वाचनका लागि सम्बन्धित निर्वाचन क्षेत्रमा यही चैत १८ गते स्थापना भएका मुख्य निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारको मनोनयनपत्र दर्ता गरिएको छ ।

चितवन जिल्ला निर्वाचन क्षेत्र नं. २ मा २४ जना, तनहुँ जिल्ला निर्वाचन क्षेत्र नं. १ मा ९ जना र बारा जिल्ला निर्वाचन क्षेत्र नं. २ मा ३६ जना उम्मेदवार हरूले उम्मेदवारी मनोनयन दर्ता गराएका आयोगका सहायक प्रवक्ता सूर्यप्रसाद अर्यालले जानकारी दिए ।


**कुन क्षेत्रमा कस्को उम्मेदवार दर्ता**

चितवन क्षेत्र नं २ : १२ दलसहित २४ जनाको उम्मेद्वारी दर्ता

चितवन क्षेत्र नं २ को उपनिर्वाचनका लागि २४ जनाले आफ्नो उम्मेद्वारी दर्ता गराउनुभएको छ । मुख्य निर्वाचन अधिकृतको कार्यालयका सहायक निर्वाचन अधिकृत ईश्वरी आचार्यका अनुसार १२ वटा राजनीतिक दलका उम्मेदवार र १२ जनाले स्वतन्त्र उम्मेद्वारी दर्ता गराउनुभएको हो ।

राजनीतिक दलतर्फ लोकतान्त्रिक बाम गठबन्धनका तर्फबाट नेपाली कांग्रेसका जीतनारायण श्रेष्ठ, नेकपा ( एमाले) का रामप्रसाद न्यौपाने, राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने, नेपाल मजदुर किसान पार्टीका सानेन्द्र प्रजा, राष्ट्रिय जनमुक्ति पार्टीका महानन्द जैसी, राष्ट्रिय जनमोर्चाका जनकराज शर्माले आफ्नो उम्मेदवारी दर्ता गराउनुभएको हो ।

यस्तै जयजन्मभूमि पार्टीका प्रेमबहादुर खड्का, राष्ट्रिय मुक्ति आन्दोलन पार्टीका छत्रकुमार पाखिन, मङ्गोल नेश्नल अर्गनाईजेशनका टेकबहादुर तामाङ, राप्रपाका जीवलाल पुरी, राष्ट्रिय नागरिक पार्टीका योगलाल श्रेष्ठ र नागरिक उन्मुक्ति पार्टीका राजेश आचार्यले उम्मेदवारी दर्ता गराउनुभएको उहाँले जानकारी दिनुभयो । यस्तै स्वतन्त्रतर्फ सूर्य श्रेष्ठ, विक्रम श्रेष्ठ, डा भोजराज वगाले, सुबास परियार, बाँकी ६ पृष्ठमा

'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'– *मोहन कार्की*

## सम्पादकीय

# मानवीय हराउदै गएको शहरमा, मानवीयता फर्काऊ

काठमाडौ शहर, वा अन्य शहरहरु मानिसहरुको रोजाई बन्दै गएको छ । त्यहि शहरमा यतिवेला मानवीयता हराउदै गईरहेको छ । अधिकाँस बाहिरवाट आएका मानिसहरुले काठमाडौ उपत्यका र अन्य शहरहरुमा मानव घनत्व बढेको छ । झण्डै ५० लाँखको हाराहारीमा काठमाडौ उपत्यकामा मानिसहरु बासोबास गर्ने गरेका छन् ।

काठमाडौ उपत्यका मानिसहरुको पहिलो रोजाई हुनु काठकाडौ उपत्यकामा कोही पनि भोको रहनु नपर्ने राजा बसेको ठाउमा भोकै रहनु पर्दैन भन्ने चलन, देवीदेवतारुको शहर,जस्तै स्वयभु, पशुपतिनाथ, बौद्ध क्षेत्र, बुढानिलकण्ठ, मातातिर्थ, न्यातपोल मन्दिर, चागुनारायण, शोभा भगवती लगायत हजारौ धार्मिक तिर्थस्थलहरुको पवित्रस्थलमा कोही भोकले बस्नु पर्दैन भन्ने मान्यता थियो । भने त्यसैगरी मानिसले उदारणको लगि सम्झिने स्थलहरु जस्तै काठमाडौको मुटुमै रहेको रानी पोखरी, धराहरा, घण्टाघर,सिंहदरवार,बसन्तपुर दरवार, पाटन दरवार, भक्तपुर दरवार हेर्न पनि मानिहरु आकर्षण हुन्थे ।

त्यतिमात्र होइन । हावापानी पनि जाडोमा त्यति जाडो नहुने, गर्मीमा त्यति गर्मी पनि नहुने काठमाडौ आसपासमा हरेका माथिल्ला क्षेत्रमा पाहाड त्यही पाहाडको मुनिवाट पानीका मुहानहरु तिनै पानीका मुहान मुनितिर समथर फाटमा खेतहरु तिनै खेतवारी प्रशस्त भएका कारण अन्न असाध्यै धेरै फल्ने धान, गहु, मक्कै जस्ता बालीहरुको उत्पादनले पनि धेरै मानिसहरुलाई पाल्न सक्ने क्षमता राख्ने काठमाडौ उपत्यकाको लागि सिचाईको लागि धोवीखोला, बागमति, गोदावरीखोला, हनुमन्ते खोला,बुङमति खोला, शेषमति खोला लगायत खोलाहरु सिचाइका स्रोत थिए । पानीको प्रशस्त र उर्वर जमीनको भरपुर सदुपयोग गरेर काठमाडौ उपत्यकाका मानिसहरु सजिलै बाच्ने गर्दथे । भने तरकारी, फलफुल पनि पाइने अहिलेपनि कतै कतै अम्वाका बोटहरु देख्न सकिन्छ भने फपिङको नासपाती, आल्चा सिजनमा खान पाइन्छ ।

त्यसैले मानिसहरु कामको अवसर खोज्न काठमाडौ आउने चलन बन्दै गयो । काठमाडौ उपत्यकामा विशेष गरेर नेवार समुदायको बाहुल्यता भएको पाईन्छ । ति नेवारी समुदायका अनेक खालका जाति विशेषमा विभाजन भएको भएपनि उनिहरुमा सामुहिक कार्ज्य गर्ने समुहगतमा काम गर्ने सास्कृतिक चलन पनि हरेको छ ।उनिहरुको गाइजात्रा, इन्द जात्रा,घोडे जात्रा, मह पूजा, रथयात्रा, भोटो देखाउने जात्रा, जस्ता पर्व मान्ने र समुहगत रुपमा रमाउने सास्कृतिक धनि पनि नेवार नै थिए ।

तिनै नेवार समुदायको त्यतिवेला प्रशस्त जग्गा जमिन हुने, असन, इन्द्रचोक, भक्तपुर, ललितपुर, दरवार क्षेत्रहरु उनिहरुकै हुने ब्यापार ब्यवसाय पनि भएको आर्थिक रुपमा सवल भएको हुनाले वाहिर वाट आएका मानिसहरुलाई सहयोग गर्नुपर्छ । काममा लगाउदा मानवीयता दिन उनिहरु चुक्दैनन् थिए । दुखः पाएका मानिस भेटे भने काठमाडौ उपत्यकामा बसेका नेवारी समुदायले मात्र होइन अन्य समुदायले पनि सहयोग गर्ने गरेको पाइन्छ । बहुसंख्यामा हेर्ने हो भने नेवारी समुदायमा नै उदारता बढी भएको विगतमा अभ्यासमा देखिन्छ । तर नेतृत्व भने पृथ्विनारायण शाहले काठमाडौ उपत्यकामा नेपाल एकीकरणको अभियानमा १८२५ मा काठमाडौ कब्जा गरेपछि शासनसत्ता भने क्षेत्रिहरुले गर्दै आएका थिए । नेवार र क्षेत्रिहरुले बढी धार्मिक पराम्परा मान्ने र केही न केही पर्व परिरहने हुदा काम नगरी बस्ने अल्छेले समेत सजिलै खान पाउने शहरको रुपमा चिनिने काठमाडौ बन्दै गएको थियो । काठमाडौ शहर कहिल्यै मगन्तेहरुको शहर भएको थिएन । दुखः पाएकाहरुलाई खोजी खोजी खाना ख्वाउने सहयोग गर्ने चलन थियो । यसरी सवै कुराले सम्पन्न हुदै गएको शहरमा को आउन चाहादैन थियो होला ! त्यो त्यतिवेलाको शहरको कुरा यतिवेला इतिहास मात्र बनेको छ । ति मनग्य आम्दानी गर्ने नेवार समुदाय काठमाडौ शहरमा अल्पमतमा छन् । ब्यवसाय भारतवाट आएका भारतीय मुलका मानिसहरुको बाहुल्यता छ । नेवार नै ब्यवासायी भएपनि अन्यत्रवाट काठमाडौ आई बसेकाहरुको बाहुल्यता भईसकेको छ ।

मध्य अवस्थामा आएको नेपाल प्रजातन्त्रको लगि आन्दोलन छेडेको नेपाल जव भारतको श्याम बजारमा र दरभङगामा नेपाली कांँग्रेस र नेपाल कम्युनिष्ट पार्टीको स्थापना सँगै अरुका सम्पति खोस्नुपर्छ, बाड्नुपर्छ कामको अधिकारको कुरा जव नेपालीहरुमा भर्न थालिएको पाइन्छ । त्यतिवेला देखि काम गर्ने चलनमा ह्रस आउदै गएको काम नगरी अरुको खोसेर खानुपर्छ भन्ने भावनाको विकास भएको र खेतवारीमा धान रोप्ने होइन घर बनाउनुपर्छ भन्ने परिवर्तनकारीहरुका नेतालाई प्रभावित पारेर जग्गा माफियाहरुले गरेको भुमि अतिक्रमण बढेर यस्ता उर्वर अन्नवाली लगाउने खेतहरु सवै घरहरुले पुरिईसकेका छन् । काठमाडौ आसपासमा खेती गर्ने किसानका छोराछोरी विदेशको कुल गल्लीमा काम गर्दै होलान् ।

नेपालका अधिकाँस मानिसहरु आफु जन्मेको ठाउँ छोडेर अन्यत्र काम खोज्न जाने वा सुख सुविधा भोग चलन गर्न बसाई सराई गर्ने कोही कामको अवसर खोज्न शहर पस्ने गर्दै आएका छन् । यो निरन्तर चलिरहेको छ । जसका कारण शहरमा अत्याधिक महगी, अभाव, विकृति, विसंगति जस्ता कुरीतिहरु पनि झागिदै गएका छन् । जसमा हत्या, हिंसा, बलत्कार, लुटपाट, चोरी, डैकती, दुर्व्यसनी, मिटर ब्याजी, टोले गुण्डा, चन्दा असुली, झैझगडा, जस्ता प्रशासनिक चुनौतिहरु शहरमा थपिएका छन् । भने महगी याहाको सवैभन्दा डरलाग्दो भिमकाय बन्दै गएको छ ।

### शहरमा बनेका घरको भाडाको चर्को कथा

अचेल काठमाडौ उपत्यकामा जति धेरै घरहरु बनेपनि सामान्य आय भएका मानिसको पहुचमा आधुनिक घर परेका छैनन् । यस्तो हुनको कारण ति घरहरु बन्न नपाउदै विचौलियाहरुले अग्रीम बुकिङ गर्ने र महगोमा लगाउने चलन छ । यस्तो चलन काठमाडौ उपत्यकाभरी प्रचलनमा भेटिन्छ । कुनै सामान्य नागरिकले एउटा कोठा भाडामा खोज्दा महिनौ वित्छ तर कोठा पाउदैन । फ्लाईटमा दिने नाममा बनेका नयाँ घरहरु काठमाडौ शहरमा खाली बसेका हुन्छन् । कुनैमा मानिस कोठा सरे भने हतार हतार भाडा बढाउने विचौलिया घरवेटीहरुको दिमागमा अरु कुनै केही आउदैन मात्र भाडा बृद्धि गर्ने सोच आउछ र महगी बढ्छ । यसरी मानवीयता मानवमा नै विलाउदै गएको देखिन्छ ।

काठमाडौमा घर भएकाका छोराछोरी धेरै जतिको पढ्ने बाहानामा विदेशका विकासमुखी राष्ट्रहरुमा छन् । घरमा बुढाबुढी मात्र बसेका हुन्छन् । सिगौ घर खाली बसेको हुन्छ । त्यो घरमा मानिस बसेपनि घर लड्दैन । नबसेपनि लड्दैन । तर ति घरवालाहरुको घर जति ठुलो छ । मन त्यति नै सानो छ । बरु खाली बसोस् गरिव, निमुखा, ओत लाग्ने ठाउँ नपाएर बसेछन् भने पनि देखेर पनि नाङगा आखाहरुले नेदेखेको जसरी अन्धा बनेर हिड्ने गरेका छन् । यसरी हराउदै गएको छ । काठमाडौ उपत्यकामा मानवीयता । यसरी मानवीयता हराउदै गएको शहरमा मानवीयता फर्काउन नीतिगत रुपमा शहरको घरहरुको अभिलेख त २०७८को जनसंख्याको आकडामा आएकै होला र जनताको जीवनस्तर छुट्याएर सवै काम गरिखाने जनता देखि उच्च ओहोदामा रहेका सवैको जीवन चल्ने सामाजिक न्यायमा आधारित नीति लागु गर्न शहरी क्षत्रको अधिकार पाएका निकायहरुले ध्यान दिएर काम गर्ने वेला आएको छ । यो काम गर्न नसक्ने हो भने मनवताको शब्द नेपाली शब्दकोषवाट हराउन बेर छैन । त्यसैले सम्बन्धित निकायले गम्भिर भएर सोच्ने बेला आएको छ ।

# नेपालमा राजनीतिक अस्थिरताको प्रभाव

**श्यामप्रसाद मैनाली**

प्रारम्भः

नेपालको राजनीति अत्यन्त अस्थिर हुँदै गएको छ । सरकारको अस्थिर प्रकृतिको संरचना र यसको अस्थिरता उन्मुख विशषताकै कारण छिट्टै सरकार गठन र विघटन हुँदै आएको छ । नेपालमा २०४६ सालयता सरदर डेड वर्षमा सरकार परिवर्तन भइरहेको छ । यसले नेपालको राजनीतिको नियमितकै रूपमा निरन्तरता पाइरहेको छ । २०४६ सालको राजनीतिक परिवर्तनपश्चात् लोकतन्त्रको बहाली भएकाले अब देशले आर्थिक समुन्नतिको दिशामा छलाङ मार्ने अपेक्षा गरिएको थियो । तर, राजनीति नै अस्थिर रहँदा यो पक्ष छायामा पर्दै आएको छ ।

ठूला दलसँग स(साना भुरेटाकुरे दलको सौदाबाजी गर्ने सामर्थ्य अत्यन्त ज्यादा वृद्धि भइरहेको छ । ससाना दल सधैं दलगत र व्यक्तिगत स्वार्थबाट परिचालित हुँदै चलायमान रहने भएकाले सरकारले निरन्तरता पाउन असमर्थ बनेको हो । यसले गर्दा समुन्नत नेपालको नारा कल्पनामै सीमित बनेको छ । नीतिगत अस्थिरताका कारण देशको विकाश निर्माण पनि नकारात्मकरूपमा प्रभावित बन्दै गएको अवस्था छ । गत ३१ वर्षको अवधिमा २८ वटा सरकार देशले प्राप्त गरेको छ ।

नेपालको निर्वाचन अत्यन्त ज्यादा खर्चिलो बनिरहेको छ । धनाढ्य व्यक्तिहरूले सहजै राजनीतिक अवसर प्राप्त गर्दछन् । राजनीतिक दलका शीर्षस्थ नेताहरूसँग उनीहरूको सहज पहुँच मात्र स्थापित भएको छैन, रातो कार्पेट बिछ्याएर स्वागत गर्ने अस्वस्थ प्रतिस्पर्धा दलमा देखिएको छ । यस्ता व्यापारिक घराना र उद्योगपतिहरू यदि बढी मत ल्याउने विजयी हुने प्रणालीबाट पराजित हुने देखिएमा समानुपातिकतर्फ अवसर दिने गरिएको छ । यसले धनाढ्यप्रतिको राजनीतिक दलका नेतृत्व तहमा रहनेको सद्भाव आफ्ना निष्ठावान् कार्यकर्ताभन्दा धेरै रहेको छ । टिकट वितरण गर्दा, समानुपातिकमा मनोनयन गर्दा र निर्वाचनमा प्रतिस्पर्धा गर्दा ठूलो मात्रामा रकम खर्चिनुपर्छ ।

यसलाई निर्वाचनमा प्रतिस्पर्धा गर्नेले लगानीका रूपमा लिएका छन् । लगानीको प्रतिफल समयमै प्राप्त गर्न क्रियाशील देखिन्छन् । यसबाट राष्ट्रिय नीति नै जनताभन्दा व्यापारी, उद्योगपति र माफियामैत्री बनिरहेको छ । हरेक व्यक्ति, कर्मचारी, व्यापारी, कालो बजारिया, माफिया आदिबाट प्रतिस्पर्धीले रकम संग्रह गर्दछन् । कतिपय उम्मेदवारका लागि निर्वाचन अर्थआर्जन गर्ने अवसरसमेत बनिहेको छ । दलका प्रभावशाली नेतासँग नजिक भएकाले दलको टिकट पाउने मात्र नभई मन्त्रालयको नेतृत्व सम्हाल्ने अवसर प्राप्त गर्दछन् । दलीय राजनीतिमा लामो समयदेखि जीवन समर्पण गरिरहेका निष्ठावान् कार्यकर्ता तथा नेता यी धनाढ्य र अपराधीको तुलनामा पछि परिरहेका छन् । निर्वाचनमा खर्चिएको रकम विजय प्राप्त गरेपश्चात् असुलेर अर्को निर्वाचनका लागि पर्याप्त स्रोतको व्यवस्थापन गर्न उनीहरू लागिपर्दछन् ।

यसले गर्दा भ्रष्टाचार व्याप्त भइरहेको छ । राजनीतिक नेतृत्वले नीतिगत भ्रष्टाचारका विषय नियन्त्रक निकायले अनुसन्धान गर्न नपाउने व्यवस्था गर्दा भ्रष्टाचारमैत्री राजनीति फष्टाएको छ । स्वार्थको द्वन्द्वका सन्दर्भलाई नेतृत्वमा रहनेहरूले नियमित र गर्नुपर्ने दैनिक कामकाजका रूपमा ग्रहण गरिरहेका छन् । यसले गर्दा देशको अर्थ व्यवस्था तहसनहस हुँदै गइरहेको छ । देशव्यापी संगठन र सञ्जाल रहेका यी दलहरू स्रोतसाधनकै आधारमा निर्वाचनमा विजयी हुन्छन् । मतदाताहरू यिनै भ्रष्टलाई मतदान गर्दछन् । स्रोतसाधनमा पहुँच कायम गरी अकूत सम्पत्ति आर्जन गर्न प्रतिनिधिको आवरणमा निर्वाचित भई सरकारमा पुग्दछन् ।

यो चक्रले निरन्तरता पाइरहेको छ । अवस्था अधिक मात्रामा बिग्रिँदै गएको छ । नेतृत्व तहमा रहनेले यसको उपचार गर्ने सोचसम्म पनि बनाएका छैनन् । जनतामा यो प्रभाव परेकै कारण यिनीहरूलाई जनताले स्वतस्फूर्त प्रकारले मत दिँदैनन् । यही कारणले गर्दा मिलिजुली सरकार गठन गर्ने अवस्था लामो समयदेखि आइरहेको छ । साना दलहरूको अधिपत्यतामा वृद्धि भइरहेको छ । यसले गर्दा राजनीतिक अस्थिरताको अवस्थाले निरन्तरता पाइरहेको छ । देशको सबै क्षेत्र अस्तव्यस्त बन्दै गएको छ । अर्थव्यवस्था पनि अत्यन्त ज्यादा प्रभावित बनिरहेको छ ।

राष्ट्रिय चासो र स्वार्थः

नेपालमा राजनीतिक दलबीच राष्ट्रिय स्वार्थ, राष्ट्रियताको संवर्द्धन र लोकतन्त्रको संस्थागत विकास जस्ता महत्वपूर्ण विषयहरूमा मतैक्तता देखिएको छैन । सरकार गठनपश्चात उक्त सरकार ढाल्ने प्रक्रिया प्रारम्भ हुन्छ । प्रधानमन्त्री संसदबाट निर्वाचित भएपश्चात अस्थिरताको राजनीति प्रारम्भ हुन्छ । सरकार र प्रतिपक्षी दुवै राष्ट्रिय स्वार्थका विषयमा गम्भीर बन्न सकिरहेका छैनन् । सरकारमा पुग्ने र जसरी भए पनि निरन्तरता दिइरहनेमा मात्रै राजनीतिक दलका नेताहरूको प्रयास हुने गर्दछ । लोकतन्त्रका हिमायती नेका, संसदीय व्यवस्था स्वीकार गरेका साम्यवादी दल, अतिवादी कम्युनिस्ट दल, क्षेत्रीय दल, हुँदै युवाहरूको बाहुल्यता रहेको राष्ट्रिय स्वतन्त्र दलसम्म सरकारका जान एकसूत्रीय हिसाबले तछाडमछाड गरिरहेका छन् ।

सिद्धान्तः, आदर्श, मूल्य र मान्यतामा हदैसम्मको समझदारी दलहरूले गरिरहँदा लामो समयदेखि दलमा आवद्ध भएका इमानदार कार्यकर्ता बिस्तारै पछि पर्दै छन् । विपरीत राजनीतिक सिद्धान्त भएका नेका र साम्यवादीहरूको मिलिजुली सरकार आफैंमा अप्राकृतिक हो । गणतन्त्रवादी राजावादीलाई साथमा लिने सन्दर्भ पनि पद लोलुपताको पराकाष्ट नै मान्नुपर्छ ।

राष्ट्रिय स्वतन्त्र दल चौथो शक्तिका रूपमा उदाएको छ । यो दल संघीयता'दयगत स्पष्ट विरोधी देखिएको त छैन तर उनीहरूको भूमिका संघीयता'दयगत सन्देहात्मक पाइएको छ । संविधानका अन्य प्रावधान'दयगत यस दलले समर्थन जनाएको छ । यी सबै दलबीच अन्तर्द्वन्द्व देशमा भएको व्याप्त भ्रष्टाचारमा स्पष्ट देखिएको छ ।

***राष्ट्रिय स्वतन्त्र दल चौथो शक्तिका रूपमा उदाएको छ । यो दल संघीयता'दयगत स्पष्ट विरोधी देखिएको त छैन तर उनीहरूको भूमिका संघीयता'दयगत सन्देहात्मक पाइएको छ । संविधानका अन्य प्रावधान'दयगत यस दलले समर्थन जनाएको छ । यी सबै दलबीच अन्तर्द्वन्द्व देशमा भएको व्याप्त भ्रष्टाचारमा स्पष्ट देखिएको छ । मुख्य दलबीच सत्तामा पुगेर सुशासन र संवृद्धिका लागि काम गर्नेभन्दा भ्रष्टाचारमा लिप्त हुने अस्वस्थ प्रतिस्पर्धा ज्यादा छ । राष्ट्रिय प्रजातन्त्र पार्टी र राष्ट्रिय स्वतन्त्र पार्टीले निर्वाचन प्रचारप्रसारको समयमा भ्रष्टाचारविरूद्ध खडा हुने र यस अघि भएका भ्रष्टाचारको समेत निष्पक्ष छानबिन गराउने, गर्ने प्रतिबद्धता प्रकट गरेका थिए । सत्तामा पालैपालो नेतृत्व गर्ने तीनवटै दल भ्रष्ट छन् । यी तीनवटै दललाई यी दुई दलले समर्थन र विरोध गर्दाको अवस्थामा सरकार बन्ने र गिर्ने स्थिति छ । प्रत्येक सरकारलाई यी दलले भ्रष्टाचार नियन्त्रण गर्ने एजेन्डामा सहमत बनाउनु जरुरी छ । यसमा समझदारीमा ठूला तीन दल आउने सम्भावना हालसम्मको उनीहरूको शासकीय शैलीको नजिकबाट अध्ययन गर्दा देखिँदैन । जुनसुकै दल सम्मिलित भएको सरकारलाई राप्रापा र रा स्वपाले विश्वासको मत दिएर आफ्नो एजेन्डामा समाहित नहुँदा समर्थन फिर्ता लिनुपर्ने हुन्छ । यो क्रम जारी रहँदै गर्दा कुनै पनि सरकार एक वर्षभन्दा बढी टिक्ने स्थिति छैन । यसले गर्दा पनि राजनीतिक अस्थिरताको अवस्था सिर्जना हुन सक्दछ ।***

मुख्य दलबीच सत्तामा पुगेर सुशासन र संवृद्धिका लागि काम गर्नेभन्दा भ्रष्टाचारमा लिप्त हुने अस्वस्थ प्रतिस्पर्धा ज्यादा छ । राष्ट्रिय प्रजातन्त्र पार्टी र राष्ट्रिय स्वतन्त्र पार्टीले निर्वाचन प्रचारप्रसारको समयमा भ्रष्टाचारविरूद्ध खडा हुने र यस अघि भएका भ्रष्टाचारको समेत निष्पक्ष छानबिन गराउने, गर्ने प्रतिबद्धता प्रकट गरेका थिए । सत्तामा पालैपालो नेतृत्व गर्ने तीनवटै दल भ्रष्ट छन् ।

यी तीनवटै दललाई यी दुई दलले समर्थन र विरोध गर्दाको अवस्थामा सरकार बन्ने र गिर्ने स्थिति छ । प्रत्येक सरकारलाई यी दलले भ्रष्टाचार नियन्त्रण गर्ने एजेन्डामा सहमत बनाउनु जरुरी छ । यसमा समझदारीमा ठूला तीन दल आउने सम्भावना हालसम्मको उनीहरूको शासकीय शैलीको नजिकबाट अध्ययन गर्दा देखिँदैन । जुनसुकै दल सम्मिलित भएको सरकारलाई राप्रापा र रा स्वपाले विश्वासको मत दिएर आफ्नो एजेन्डामा समाहित नहुँदा समर्थन फिर्ता लिनुपर्ने हुन्छ । यो क्रम जारी रहँदै गर्दा कुनै पनि सरकार एक वर्षभन्दा बढी टिक्ने स्थिति छैन । यसले गर्दा पनि राजनीतिक अस्थिरताको अवस्था सिर्जना हुन सक्दछ ।

कुनै पनि दलहरूले ४० प्रतिशत केन्द्रीय सदस्यहरूको सहमतिसहित दल विभाजन गर्न चाहेमा कानुनतः छुट्टै दल दर्ता हुन सक्दछन् । यस अवस्थामा नयाँ दलका रूपमा मान्यता पाउने र निर्वाचन चिह्नलगायतका सुविधाहरू प्राप्त गर्दछन् । यो प्रतिशत पुर्‍याउन नसक्नेहरूले नयाँ दल बनाई दर्ता गर्नुपर्दछ र यस अवस्थामा त्यस दलको निर्वाचनबाट चुनिई आउने सम्भावना कम हुन सक्दछ । स्थापित दल फुटाउने कानुनी प्रावधान अत्यन्त सरल भएकाले पनि दलमा विभाजन आइरहने अवस्था छ । यसले गर्दा संसदमा प्रतिनिधित्व गरिरहेकाहरू पनि विभाजित दलमा समाहित हुने अवस्था छ । आर्थिक वृद्धि र राजनीतिक स्थायित्व घनिष्टरूपमा सम्बन्धित हुन्छन् । आर्थिक वृद्धिको गतिमा अस्थिरताको अवस्था सिर्जना हुँदा देश विदेशी सहयोग र अनुदानमा निर्भर हुँदै जान्छ । राजनीतिक अस्थिरता बढिरहँदा विदेशी लगानीकर्तासमेत लगानी गर्न तत्पर हुँदैनन् ।

अस्थिर राजनीतिक वातावरणमा उनीहरू आफ्नो लगानीको सुरक्षामा सन्देह गर्दछन् । यसरी वैदेशिक लगानीको प्रतिबद्धताले कामै गर्न सक्दैन । नेपाल यही अवस्थाबाट गुज्रिरहेको छ । १८ अर्ब विदेशी लगानीको प्रतिबद्धता भएकोमा ५ अर्ब मात्र लगानी भित्रिएको छ । राजनीतिक अस्थिरताले लगानीबाट प्राप्त हुने प्रतिफल सरकार, व्यवस्थापिकालगायतमा परिवर्तन हुने भएकाले कुनै निश्चित हुँदैन । नीतिगत अस्थिरताको अवस्था सिर्जना हुन्छ । राजनीतिक अस्थिरताका कारण देशभित्रका उद्योग कलकारखाना पनि नकारात्मकरूपमा प्रभावित बन्ने गरेका छन् । राजनीतिक आयामको वर्तमान अवस्थाको दुर्दशाका कारण अस्थिरताले भूराजनीतिक अवस्थामा प्रभाव पारिरहेको छ ।

यसले लोकतन्त्रको संस्थागत विकासमा ठूलो बाधा व्यवधानको स्थिति आमन्त्रण गरिरहेको छ । राजनीतिक दल शक्तिका प्यासा बनेका छन् । अस्वस्थ प्रतिस्पर्धामा जकडिएका छन् । यस कारणले गर्दा सकारको संयन्त्रको साख नराम्ररी गिरेको छ । यसलाई विश्वास गर्न सक्ने वातावरण छैन । आर्थिक, मौद्रिक र वित्तीय नीतिसमेत यस अवस्थामा नकारात्मकरूपमा प्रभावित हुने नै भए । परिणामस्वरूप समग्र अर्थव्यवस्था नै चलायमान हुन सक्दैन । यदि देशभित्र रहेका जात, जाति, धर्म, क्षेत्र आदिले आर्थिक, राजनीतिक र सामाजिक असमानताको अवस्था महसुस गर्दै गए भने नागरिकबीच द्वन्द्वको अवस्था बन्दछ । यसबाट गरिबीको अवस्था अत्यन्त नाजुक बन्दछ ।

अबको बाटोः

राजनीतिको विकराल अवस्थाबाट मुक्ति पाई राष्ट्रको समृद्धिको दिसातर्फ अघि बढ्न केही उपायहरूको अविलम्ब अवलम्बन गर्नु जरूरी छ । कुनै पनि प्रकारको मेलमिलाप र एकता गर्दा राजनीतिक सिद्धान्त मिल्दा दलहरूका बीच मात्र गरिनुपर्छ । अहिलेसम्मको मेलमिलापबाट बनेका सरकार अल्पअवधिमै विघटन भएकाले यस्ता प्रक्रिया अप्राकृतिक भएको स्पष्ट प्रमाणित भएको छ । यस्तै प्रकृतिका अप्राकृतिक गठबन्धन भविष्यमा पनि लामो समयसम्म अघि बढ्न सक्ने देखिँदैन । सरकारमा पुगेपछि निर्धारण गरिने नीति, रणनीति, योजना तथा कार्यक्रम नै निर्वाचनका समयमा प्रतिबद्धता व्यक्त गरेको सन्दर्भसँग विवादित बन्दछन् ।

नीतिहरू बन्न कठिन हुन्छ । विकृतिको विजारोपण सरकारमा प्रस्ट देखिन्छ । मिश्रित निर्वाचन प्रणालीका कारण समेत देशमा राजनीतिक अस्थिरताको वातावरण बनेको छ । यसमा पुनरावलोकन हुन पर्दछ । बढी मत ल्याउने विजयी हुने वा समानुपातिक प्रतिनिधित्व प्रणालीमध्ये कुनै एक विकल्पको अवलम्बन हुनुपर्छ । निर्वाचित संसदहरू कानुन निर्माताको भूमिकामा मात्र रहनुपर्दछ । सरकारमा जाने होइन । मन्त्रीहरू सम्बन्धित क्षेत्रका विज्ञहरूबाट बनाइनुपर्छ ।

सबै मन्त्रीका 'दयगतमा निर्णय लिने अधिकार प्रधानमन्त्रीलाई दिनुपर्छ । यसले गर्दा विज्ञहरू सम्मिलित सरकार प्रभावकारी हुन सक्दछ । कानुन निर्माण गर्ने र संविधान निर्माण वा संशोधन प्रक्रियामा निर्वाचित सांसदलाई उपयोग गर्ने नीति लिनुपर्छ । प्रत्यक्षरूपमै निर्वाचित प्रधानमन्त्री उत्तम विकल्प हुन सक्दछ । यसले गर्दा पाँच वर्षसम्म सरकार टिकाउ बन्दछ । नेपाल जस्तो सानो देशमा यत्ति ठूलो ४० हजार संख्याको निर्वाचित तलबी प्रतिनिधिको जरूरी पर्दैन ।

राजनीतिक दलहरूको संख्या सीमित गरिनुपर्दछ । नेपालको सन्दर्भमा दुइवटा मात्र लोकतान्त्रिक र साम्यवादी दलहरूको व्यवस्था हुनुपर्दछ । यी कदमहरू तुरून्त चालिनुर्छ अन्यथा नेपालको राजनीतिक अस्थिरताको अवस्था अहिलेको भन्दा बढी विकृतिपूर्ण हुनेमा सन्देह रहँदैन ।

राजधानी दैनिक

# हिन्दमहासागरीय घेराबन्दीमा चीन

*विपीन देव*

विश्व कूटनीतिमा घेराबन्दी र गोलाबन्दी चरम रूपले बढिरहेको छ। गठबन्धनको क्रमभंगता कूटनीतिको दिनचर्या भइरहेको छ। अमेरिकी नेतृत्वमा पश्चिमा शक्तिको घेराबन्दी, रसिया(चीनबीच बढ्दो गठजोड र मध्यएसियामा चीनको सक्रियताजस्ता परिघटनाहरूले गर्दा कूटनीतिमा व्यापक बहस र विमर्श भइरहेको छ। आर्थिक शिथिलीकरणका बीच कूटनीति सडकीकरण भइरहेको छ। यही परिवेशमा कूटनीतिको अभ्यास ट्रान्सएटलान्टिक (यूरोप) बाट ट्रान्सप्यासिफिकमा (एसिया) मा अवतरित भएको छ। हुन त ट्रान्सप्यासिफिक (एसिया) आर्थिक हिसाबले अब्बल हुनुकै कारणले सामरिक कसरत पनि प्रचूर मात्रामा देखिन्छ।

विश्वको दोस्रो आर्थिक शक्ति चीन हुनु, तेस्रो शक्ति जापान हुनु, पाँचौं शक्ति भारत हुनु र पूर्वी एसियाका मुलुकहरू (आसियान) मा आर्थिक स्थायित्व हुनुजस्ता कारणहरूले गर्दा कूटनीतिको अर्जुन दृष्टि पनि एसियामा नै रहेको छ। वर्तमान परिवेशमा जी(सेभेनको अध्यक्षता जापानले गर्नु र जी(ट्वान्टीको अध्यक्षता भारतले गर्नु पनि एउटा महत्वपूर्ण घटना हुनगएको छ। यस अर्थमा समेत एसियाप्रति सञ्चार जगत्को अभिरूची बढेको देखिन्छ। अपेक्षाकृत जापानका प्रधानमन्त्री किसिदाको २१ मार्च २०२३ को दुईदिने भारत यात्रालाई विश्व सञ्चार जगत्ले महत्वपूर्ण स्थान दिएको छ। यसका विभिन्न आयाम छन्। जापान र भारतबीच वार्षिक सम्मेलन सन् २००६ देखि नै सुरु भएको छ।

यसमा क्रमभंगता भएता पनि हालसम्म भारत र जापानबीच १४ पटक वार्षिक सम्मेलन (एनुअल समिट) सम्पन्न भएको छ। जापान र भारतबीचको सामीप्यताको प्रमुख कारणमध्ये दुई देशकाबीच भएको हिन्दमहासागरीय नीति हो। हिन्दमहासागरीय नीतिलाई अगाडि बढाउने जापानी पूर्वप्रधानमन्त्री आवे नै हुन्। भारतीय संसद्लाई सम्बोधन गर्ने क्रममा उनले हिन्दमहासागरीय नीतिको अवधारणा अगाडि सारेका थिए। सन् २००७ मा अवधारणा आएता पनि हिन्दमहासागरीय नीतिअन्तर्गत प्रजातान्त्रिक कित्ताका मुलुकहरूबीच गोलाबन्दी सन् २०१७ देखि सुरु भएको देखिन्छ। यसको कारक तत्वमध्ये चीनको आक्रमकता नै हो।

जापानसँग सिनकाकु टापुमा चीनको विवाद हुनु, ग्वादर बन्दरगाहमा चीनको लगानी हुनु, जिबुतीमा चीनको सैनिक अया हुनु र श्रीलंकाको हम्बनटोटा बन्दरगाह चीनको मातहतमा हुनुजस्ता कारणले गर्दा हिन्दमहासागरीय क्षेत्र आक्रान्त रहेको छ। साथसाथै, पूर्वीय चीन सागर र दक्षिण चीन सागरमा चीनको सैनिक दबदबाका कारणले गर्दा आसियानका मुलुकहरूसमेत चिनियाँ दबाबमा रहेका छन्। यही पृष्ठभूमि र परिदृश्यमा द्विपक्षीय सम्बन्धका साथसाथै जापानसँग चर्तुभूजीय सम्बन्धमा (क्वार्ड) समेत भारतको साझेदारीलाई उच्च महत्व दिइएको छ। हुन त जापान र भारतको द्विपक्षीय सम्बन्ध सघन रहेको छ। जापानले आउने पाँच वर्षमा भारतका विभिन्न विकास योजनाहरूलाई लक्षित गर्दै पाँच ट्रिलियन जापानी ऐन भारतमा लगानी गर्ने भएको छ। सायद हालसम्म घोषणा भएको लगानीमध्ये किसिदाको सबभन्दा ठूलो लगानी हो।

सन् २०१४ को आफ्नो पहिलो जापान यात्रामा मोदीले बुलेट ट्रेनको योजना आफ्ना समकक्षीसँग अगाडि सारेका थिए। यो गुरूयोजना जापान र भारतको सक्रियतामा अगाडि बढिसकेको छ। मुम्बई र अहमदावाद जोड्ने बुलेट ट्रेनको लगानी पनि उल्लेख्य रहेको छ।

जापानका ठूला कम्पनी जायकाको प्राविधिक सहयोगमा बन्न लागेको सो योजनालाई सफल बनाउन जापानका प्रधानमन्त्रीले ८० हजार करोड भारतीय रुपैयाँ लगानी गर्ने घोषणा गरेका छन्। किसिदा र मोदीबीच व्यापार, सुरक्षा, विद्युतीकरण, साइबर सुरक्षा, प्रविधि हस्तान्तरणजस्ता विभिन्न क्षेत्रमा समेत सम्झौता भएको छ। सन् २०२३ मा नै भारत र जापानले आन्तरिक व्यापार बढाउन पर्यटन उत्सव मनाउने जमर्को गरेका छन्। बोधगयालगायत विभिन्न धार्मिक स्थलमा जापानी पर्यटकलाई आकर्षण गर्न भारत गुरूयोजनाका साथ अगाडि बढिरहेको छ। नेपालले पनि यो अवसरबाट लाभ लिन आफ्नो कूटनीतिलाई सक्रिय बनाउनुपर्छ।

बुद्धको जन्मस्थल लुम्बिनीलाई केन्द्रित गर्दै र चिसो हावापानीको वातावरणलाई उपयोग गर्दै जापानी पर्यटकलाई आकर्षण गरेको खण्डमा नेपाल पनि लाभान्वित हुनसक्नेछ। किसिदाले भारतबाहेक दक्षिण एसियामा पनि पूर्वाधार विकासका लागि चासो लिएका छन्। जापानी सरकारको सञ्चित घनराशि लगभग ७५ बिलियन अमेरिकी डलर भारतलगायत अरू मुलुकको पूर्वाधार विकासका लागि लगानी गर्ने किसिदाको घोषणा रहेको छ। जापान र भारतको बढ्दो सामीप्यताको लाभ नेपालले पनि लिनसक्छ। राजनीतिमा स्थायित्वको कमी र भ्रष्टाचारको सञ्जालले गर्दा जापानीहरूको रूची नेपालमा कम भएको देखिन्छ।

हाल जाइकाले भारतमा ७७ वटा योजनाहरू परिचालित गरेका छन्। जापानी लगानीमा भएका ती योजनाले भारतको आर्थिक विकासदरको गतिलाई बढाउने अर्थविद्हरूको बुझाइ रहेको छ। यी आर्थिक कारोबारका साथै जापान र भारतबीच सामरिक साझेदारी पनि व्यापक रूपमा अघि बढिरहेको छ। जापान र भारतको संयुक्त लगानीमा हतियार उत्पादन कारखानासमेत निर्माण गर्ने सहमति भएको छ। विगतका दिनहरूमा मालावार सैनिक अभ्यासअन्तर्गत भारत र जापानको जलसेनाले संयुक्त सैनिक अभ्यास पनि गरिनै रहेका छन्।

लद्दाखका बोर्डरमा चीनले भारतलाई सैन्य दबाब दिँदा भारतले जापानको सहयोगमा हिन्दमहासागरमा चीनलाई सैनिक दबाव दिएको थियो। विगतका दिनमा चीन र जापानबीच समेत चिसोपन बढिरहेको छ। सन् २०१४ मा चिनियाँ राष्ट्रपतिले सार्वजनीक रूपमै इतिहासलाई बिम्ब बनाएर जापानलाई निन्दा गरेका थिए। अर्थात् चिनियाँ मानसपटलमा जापानप्रति नकारात्मक भावना जागृत गर्न चिनियाँ कम्युनिस्ट पार्टी सक्रिय रहेको छ। हिन्दमहासागरीय क्षेत्रमा चीनको दवदवालाई सन्तुलनमा ल्याउन द्विपक्षीय र चर्तुभूजीय समीकरण अन्तर्गत जापान र भारत एकठाउँमा उभिएका छन्। प्राविधिक रूपमा जापान अहिले पनि संसारमा अब्बल रहेको छ। भारतको ठूलो बजारबाट लाभ लिने जापानको लक्ष्य रहेको छ। यस अर्थमा जापान र भारतको सामीप्यताको प्रभाव अन्य दक्षिण एसियाली देशहरूमा पनि पर्न सक्नेछ। राजधानी दैनिक

> ***विश्वको दोस्रो आर्थिक शक्ति चीन हुनु, तेस्रो शक्ति जापान हुनु, पाँचौं शक्ति भारत हुनु र पूर्वी एसियाका मुलुकहरू (आसियान) मा आर्थिक स्थायित्व हुनुजस्ता कारणहरूले गर्दा कूटनीतिको अर्जुन दृष्टि पनि एसियामा नै रहेको छ। वर्तमान परिवेशमा जी(सेभेनको अध्यक्षता जापानले गर्नु र जी(ट्वान्टीको अध्यक्षता भारतले गर्नु पनि एउटा महत्वपूर्ण घटना हुनगएको छ। यस अर्थमा समेत एसियाप्रति सञ्चार जगत्को अभिरूची बढेको देखिन्छ। अपेक्षाकृत जापानका प्रधानमन्त्री किसिदाको २१ मार्च २०२३ को दुईदिने भारत यात्रालाई विश्व सञ्चार जगत्ले महत्वपूर्ण स्थान दिएको छ। यसका विभिन्न आयाम छन्। जापान र भारतबीच वार्षिक सम्मेलन सन् २००६ देखि नै सुरु भएको छ। यसमा क्रमभंगता भएता पनि हालसम्म भारत र जापानबीच १४ पटक वार्षिक सम्मेलन (एनुअल समिट) सम्पन्न भएको छ। जापान र भारतबीचको सामीप्यताको प्रमुख कारणमध्ये दुई देशकाबीच भएको हिन्दमहासागरीय नीति हो। हिन्दमहासागरीय नीतिलाई अगाडि बढाउने जापानी पूर्वप्रधानमन्त्री आवे नै हुन्। भारतीय संसद्लाई सम्बोधन गर्ने क्रममा उनले हिन्दमहासागरीय नीतिको अवधारणा अगाडि सारेका थिए। सन् २००७ मा अवधारणा आएता पनि हिन्दमहासागरीय नीतिअन्तर्गत प्रजातान्त्रिक कित्ताका मुलुकहरूबीच गोलाबन्दी सन् २०१७ देखि सुरु भएको देखिन्छ। यसको कारक तत्वमध्ये चीनको आक्रमकता नै हो। जापानसँग सिनकाकु टापुमा चीनको विवाद हुनु, ग्वादर बन्दरगाहमा चीनको लगानी हुनु, जिबुतीमा चीनको सैनिक अया हुनु र श्रीलंकाको हम्बनटोटा बन्दरगाह चीनको मातहतमा हुनुजस्ता कारणले गर्दा हिन्दमहासागरीय क्षेत्र आक्रान्त रहेको छ। साथसाथै, पूर्वीय चीन सागर र दक्षिण चीन सागरमा चीनको सैनिक दबदबाका कारणले गर्दा आसियानका मुलुकहरूसमेत चिनियाँ दबाबमा रहेका छन्।***

# तयार भयो बजेट तर्जुमा कार्यतालिका

काठमाडौँ। आगामी आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम र बजेट तयारका लागि अर्थ मन्त्रालयले विभिन्न समयसीमा सहितको कार्यतालिका तयार पारेको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन र बजेट तर्जुमा दिग्दर्शनमा भएको व्यवस्थाअनुसार मन्त्रालयले आगामी आवको 'बजेट क्यालेन्डर' तयार पारेको हो।

कार्यतालिका अनुसार यही चैत १९ देखि २४ गतेसम्म राष्ट्रिय योजना आयोगमा बजेटको नीति तथा कार्यक्रममाथि छलफल हुनेछ। विभिन्न मन्त्रालय मातहतका विभागलाई बजेट तर्जुमा सम्बन्धमा 'पोलिसी पेपर' तयार गरी चैत २० गतेसम्म पेस गर्न भनिएको छ।

चैत २१ गतेदेखि अर्थ मन्त्रालय अन्तर्गतको राजस्व व्यवस्थापन महाशाखाले राजस्व परामर्श समितिसँग सम्बन्धित काम थाल्नेछ। विभिन्न सरोकारवाला निकाय र व्यक्तिसँगको छलफलबाट आएका सुझावलाई समेटी समितिले आफ्नो प्रतिवेदन तयार पार्ने मन्त्रालयले जनाएको छ। अर्थ मन्त्रालयका अनुसार सबै विषयगत मन्त्रालयलाई चैत २४ गतेभित्र बजेट प्रस्ताव गरि सक्न र वार्षिक योजना एवं कार्यक्रम 'मन्त्रालयगत बजेट सूचना प्रणाली' (एमएमबीआइएस) मा प्रविष्ट गरिसक्ने भनिएको छ। त्यस्तै चैत २६ देखि २८ गतेसम्म बजेटका उद्देश्य, प्राथमिकता र मुख्य कार्यक्रमबारे सङ्घ तथा प्रदेशका सदस्यहरूसँग छलफल गरिनेछ। यही अवधिमा अन्तर सरकारी वित्त परिषद्को बैठक पनि बसिसक्ने अर्थ मन्त्रालयले जनाएको छ। चैत २६ देखि वैशाख २० गतेसम्म आगामी आवको बजेट, कार्यक्रम र खर्चबारे शीर्षकगत छलफल चलाइनेछ। यही अवधिमा प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयसँग सशर्त अनुदानबारे छलफल हुनेछ। यो छलफलमा प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्रालय, सामाजिक विकास तथा भौतिक पूर्वाधार विकास मन्त्रालय र भूमि व्यववस्था, कृषि तथा सहकारी मन्त्रालय सहभागी हुनेछन्।

बजेट तर्जुमा कार्यतालिका अनुसार विभिन्न राजनीतिक दलका प्रतिनिधि, पूर्वअर्थमन्त्री, पूर्वगभर्नर, पूर्वअर्थसचिव, अर्थशास्त्री तथा विज्ञबाट बजेटसम्बन्धी सुझाव सङ्कलनको काम वैशाख २६ गतेसम्म सकिसकिनेछ। वैशाख २ देखि २५ गतेसम्म वैदेशिक स्रोतअन्तर्गत प्राप्त हुने रकम यकिन गरी बजेटमा राख्ने काम हुनेछ। सार्वजनिक संस्थानको प्रगति विवरण छपाइका लागि वैशाख २० गतेसम्म प्रेसमा पठाइसक्ने मन्त्रालयको योजना छ। त्यस्तै विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताको मस्यौदा वैशाख २१ गतेभित्र तयार भइसक्नेछ भने वैशाख २५ गते विनियोजन विधेयकका सिद्धान्त बाँकी ६ पृष्ठमा

# रामेछाप डायरी

## रामेछापको विकासका लागी सांसद युवराज चौलागाईले मागे ७ करोड बजेट

बागतमी प्रदेश सांसद युवराज चौलागाईले रामेछाप जिल्लाको विभिन्न धार्मिक तथा पर्यटकीय क्षेत्र विकासका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयान मान्त्रालयमा बजेट सिलिङसहित माग पत्र पेश गर्नुभएको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयान मन्त्री सुदन किरातीसँग विकास योजनाका बारेमा छलफल गर्नुका साथै माग पत्र पेश गर्दै ध्यानाकर्षण समेत गराउनुभयो।

सांसद चौलागाईले आर्थिक वर्ष २०८०/८१ का लागि दोरम्बा शैलुङ्ग गाउँपालिका वडा नं. १ र २ को सीमानामा रहेको दोरम्बा सहिद पार्कका लागि २ करोड रुपैयाँ, मन्थली नगरपालिका-९ पुरानागाउँस्थित स्थानापति महादेव मन्दिर परिसरमा पार्क निर्माण गर्न १ करोड रुपैयाँ बजेट माग गर्नुभएको छ।

त्यसैगरी रामेछाप र दोलखाको सीमाना ठूलो शैलुङ्ग डाँडामा मन्दिर, पार्क र सिँडी निर्माणका लागि २ करोड रुपैयाँ बजेट माग गर्नुभएको छ। त्यस्तै सुनापति गाउँपालिका-४ भ्वाँसास्थित पेमा छोइलिङ गुम्बाका लागि १ करोड र खाँडादेवी गाउँपालिका-१ राकाथुमको थुवतेन ताडुप रिगतिलिङ गुम्बाका लागि १ करोड रुपैयाँ बजेट मन्त्रालयसँग माग गर्नुभएको छ। धार्मिक तथा पर्यटनसँग सम्बन्धीत ५ योजनाका लागि सांसद चौलागाईले ७ करोड बजेट माग गर्दै मन्त्रालयको ध्यानाकर्षण समेत गराउनुभयो। सांसद चौलागाई रामेछापको प्रदेश सभा क्षेत्र नं २ बाट निर्वाचित हुनुभएको हो।

## रामेछाप गोकुलगंगा बेतालीका बृद्धको हत्या आरोपमा चार जना पक्राउ

रामेछापको गोकुलगंगा गाउँपालिकास्थित बेतालीका एक बृद्धको खुकुरी प्रहार गरी हत्या गरेको घटनामा प्रहरीले चार जनालाई पक्राउ गरेको छ। गोकुलगंगा गाउँपालिका ४ का ८४ वर्षिय शंम्शेर बहादुर थापामगरको हत्या आरोपमा स्थानीय चार जना पक्राउ परेका हुन्। नेपाल प्रहरीको केन्द्रिय अनुसन्धान व्युरो (सिआईवी) र रामेछाप प्रहरीले थापामगरको हत्या आरोपमा स्थानीय रामपियारी खड्का, मान बहादुर मगर, नेत्र बहादुर थापामगर र अनिता भनिने मनोमाया थापामगरलाई पक्राउ गरेको छ। प्रहरीले सुरुमा घटनामा संलग्न भएको आशंकामा रामपियारी र मानबहादुर नियन्त्रणमा लिएको थियो। उनीहरुले दिएको बयानका आधारमा नेत्रबहादुर र मनोमायालाई पनि पक्राउ गरिएको प्रहरीले जनाएको छ। गोकुलगंगा गाउँपालिका ४ का शंम्शेर बहादुर थापामगरलाई यही चैत १३ गते साँझ साँढे ७ बजे अज्ञात समुहले खुकुरी प्रहार गरी गम्भिर घाईते बनाएको थियो। गम्भिर घाईते थापामगरलाई उपचारका लागि अस्पताल लैजाने क्रममा बाटोमै मृत्यु भएको थियो। सो घटनामा अनुसन्धान गरीरहेको प्रहरीले घटनामा संलग्न भएको आशंकामा चार जनालाई पक्राउ गरी सार्वजनिक गरेको छ। पक्राउ परेकाहरुको साथबाट प्रहरीले घटनामा प्रयोग भएको खुकुरी समेत बरामद गरेको छ।

खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी
नेपाल आयल निगम लि. को
अति आवश्यक जानकारी

एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ। त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू :




१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं। भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं। सुताएर, घोप्टाएर प्रयोग नगरौं।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ। साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ।

ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू :




१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ।
२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौ। विद्युतजन्य उपकरणको प्रयोग नगरौ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ।

"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो।"
उपभोक्ता जनहितका लागि जारी
नेपाल आयल निगम लि.
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
०१-४२६३४८५, ४२६३४८१

# कुमारी बैंकको २२ औं वार्षिकोत्सवः ग्राहकहरुका लागि आकर्षक योजना

कुमारी बैंक लिमिटेडले नविनत्तम र भरपर्दो बैंकिङ्ग सुविधा योजनाहरु उपलब्ध गराउदैं आफ्नो २२ औं वार्षिकोत्सव मनाएको छ । यस वार्षिकोत्सवको अवसरमा कुमारी बैंक लिमिटेडले आफ्ना सम्पूर्ण ग्राहक तथा शुभचिन्तकहरुलाई




कृतज्ञता ज्ञापन गर्दै आफ्नो सफलतामा महत्वपूर्ण भूमिका निर्वाह गर्नु हुने सम्पूर्ण ग्राहकवर्गहरुको सहयोग तथा विश्वासप्रति हार्दिक आभार व्यक्त गरेको छ । कुमारी बैंक लिमिटेड देशकै अग्रणी बैंक बन्ने आफ्नो परिकल्पना तथा योजना अनुरुप आफ्ना ग्राहकहरुलाई उत्कृष्ट बैंकिङ्ग सेवा तथा वित्तीय सुविधाहरु प्रवाह गर्नका लागि हरदम प्रतिबद्ध छ । कुमारी बैंक लिमिटेडको २२ औं वार्षिकोत्सवको उपलक्ष्यमा बैंकले आफ्ना ग्राहकहरुका लागि विभिन्न विशेषतायुक्त बैंकिङ्ग सुविधा योजना प्रस्तुत गरेको छ । ग्राहकहरूलाई थप वचत गर्ने अवसर प्रदान गर्दै सम्पूर्णवचत खाताहरूमा लकर मार्जिनमा ७५% छुट प्रदान गर्दै विभिन्न साझेदारहरू मार्फत थप सुविधाहरु पनि प्रस्तुत गरेको छ ।

कुमारी बैंक लिमिटेडको २२ औं वार्षिकोत्सवको अवसरमा बैंकले क्रेडिट कार्ड प्रयोगकर्ताहरूका लागि निः शुल्क दर्ता गर्ने तथा वार्षिक शुल्कहरूमा पनि छुट प्रदान गरेको छ । साथै, कुमारी बैंक लिमिटेडले प्रारम्भिक बिज रकमलाई छोटो समयमै पाँच देखि सय गुणा वृद्धि गर्ने विशेष योजना 'रिकरिङ्ग मुद्दति' खातासमेत संचालमा समेत ल्याएको छ । कुमारी बैंकले आफ्ना देशव्यापी ३०४ शाखा सञ्जाल, २९५ एटिएम, ६२ शाखारहित बैंकिङ्ग सुविधा तथा ४८ एक्सटेन्सन काउन्टरबाट अत्याधुनिक बैंकिङ्ग सुविधाहरु प्रवाह गर्दै आएको छ । आगामी दिनहरुमा अझ सुरक्षित, सरल, सुलभ तथा उत्कृष्ट सेवा प्रदान गरी नेपालको बैंकिङ्ग जगतलाई डिजिटल बैंकिङ्ग तर्फ अग्रसर गराउन कुमारी बैंक लिमिटेड प्रतिबद्ध रहेको जनाइएको छ ।

# राष्ट्रिय वाणिज्य बैंकका ५४ नवनियुक्त कर्मचारीलाई पूर्वसेवाकालीन तालिम

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले नवनियुक्त सहायक प्रशासन सेवाका ५४ जना कर्मचारीहरुलाई सोमबारबाट १४ दिने पूर्वसेवाकालीन तालिम काठमाडौंमा सञ्चालन गरिरहेको छ । लोक सेवा आयोगबाट सञ्चालित लिखित परीक्षा तथा अन्तरवार्ताबाट बागमती र गण्डकी प्रदेशकालागि छनौट भएका उनीहरुलाई तालिम दिएको हो ।

तालिमको उद्घाटन गर्दै बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार




श्रेष्ठले सैद्धान्तिक ज्ञानले मात्र प्रतिष्पर्धामा सफलता हासिल गर्न नसकिने हुँदा यो दुईहप्ताको तालिमबाट प्राप्त हुने व्यावहारिक ज्ञानले कार्यस्थलमा नागरिकलाई सेवा दिन सहयोग पुगि संस्थाको उत्पादकत्व वृद्धि गर्न यो युवा जनशक्ति उपयोग हुने बताए। उनले अन्य प्रदेशका सहायकस्तरका कर्मचारीहरुको भर्ना प्रक्रिया छिट्टै पूरा भएपछि पुरानो बैंक नयाँ कर्मचारीयुक्त हुने बताए ।

कार्यक्रममा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत सरस्वती अधिकारीले नवनियुक्त कर्मचारीहरुलाई कार्यस्थलमा जिम्मेवारी वहन गर्दा अपनाउनुपर्ने कर्तव्यबोध गराउँदै ग्राहकहरुको बैंकप्रतिको विश्वास बढ्ने गरी काम गर्नुपर्ने बताए । कार्यक्रममा बैंकका उपकार्यकारी अधिकृत देवेश प्रसाद लोहनीले आजकाल प्रविधिको प्रयोगमार्फत जोखिम बढिरहेकाले ग्राहकलाई सचेत भएर डिजिटल बैंकिङ्ग सेवा प्रयोग गर्न सिकाउनुपर्ने बताए। कार्यक्रममा मानव संसाधन विभागका विभागीय प्रमुख भीमप्रसाद घिमिरेले नवनियुक्त सहायक प्रशासन सेवाका ५४ जना कर्मचारीहरुलाई बैंकको कर्मचारी सेवा विनियमावली बमोजिम शपथ गराएका थिए । कार्यक्रममा बैंकका विभागीय प्रमुख पदमा लक्ष्मी जि.सी., मानव संसाधन विभागका उपप्रमुख हरिबाबु आचार्यलगायत कर्मचारीहरुको उपस्थिति रहेको थियो। बैंकको हाल ७ प्रदेश, ७७ जिल्लाका सबै सदरमुकामसहित २६५ वटा शाखा कार्यालय, ५२ वटा एक्सटेन्सन काउन्टर, २६९ वटा एटीएम र ९९ वटा शाखा रहित बैंकिङ्ग सेवा सञ्चालनमा छ ।

# ग्लोबल बैंकको हयाप्पी आवर्स योजना

ग्लोबल आइएमई बैंकले ग्राहकका लागि 'ह्याप्पी आवर्स योजना' सार्वजनिक गरेको छ। यस योजना अन्तर्गत बैंकका ग्राहकले ग्लोबल स्मार्ट प्लसबाट




अनलाइन भुक्तानी गर्दा खरिदको २० प्रतिशतसम्म क्यासब्याक पाउनेछन्। बैंकले मोबाइल बैंकिङ एप्लिकेसन ग्लोबल स्मार्ट प्लसबाट गरिने भुक्तानी प्रक्रियालाई प्रवर्द्धन गर्न क्यासब्याक योजना सार्वजनिक गरेको जनाएको छ ।

# गरिमा विकास बैंकको नयाँ वर्षको क्यालेण्डर र नयाँ वेवसाईट विमोचन

गरिमा विकास बैंक लिमिटेडले एक विशेष कार्यक्रम आयोजना गरी आउँदै गरेको नयाँ वर्ष २०८० सालको आफ्नो आधिकारीक क्यालेण्डर विमोचन गरेको छ । आफ्नै केन्द्रीय कार्यालयमा आयोजना गरिएको उक्त कार्यक्रममा बैंकका






प्रमुख कार्यकारी अधिकृत गोविन्द प्रसाद ढकाल र नायव प्रमुख कार्यकारी अधिकृत माधव प्रसाद उपाध्यायले संयुक्त रुपमा उक्त क्यालेण्डरको विमोचन गर्नुभयो । बैंकले देश भित्रका विभिन्न पर्यटकिय क्षेत्रहरु समावेश भएको आर्कषक भित्ते क्यालेण्डर र विभिन्न प्रजातीका चरा तथा वन्यजन्तु समावेश भएको टेवल क्यालेण्डर प्रकाशन गरेको छ । सोहि कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत गोविन्द प्रसाद ढकालले स्तरोन्नती गरी ग्राहकमैत्री बनाइएको बैंकको नयाँ वेवसाईटको समेत शुभारम्भ गर्नुभएको छ । गरिमा विकास बैंकले नेपालभर आफ्नो १२१ शाखा कार्यालय र ४९ एटिएमबाट सरल, सुरक्षित एवं गुणस्तरीय सेवा प्रदान गर्दै आईरहेको छ ।

# माछापुच्छ्रे बैंकले भव्य रुपमा मनायो ग्लोबल मनि सप्ताह २०२३

वित्तीय साक्षरता जगाउने उद्धेश्यले हरेक वर्ष विश्वव्यापी रुपमा मनाउने नयिदर्बा :यलभथ ध्भभप २०२३ माछापुच्छ्रे बैंक लिमिटेडले भव्य रुपमा मनाएको छ । यस वर्ष मार्च २० तारिख देखि २६ तारिखसम्म परेको नयिदर्बा :यलभथ ध्भभप २०२३ अर्न्तगत माछापुच्छ्रे बैंक लिमिटेडले देशव्यापी छरिएर रहेका









आफ्ना शाखा कार्यालयहरु मार्फत विभिन्न प्रकारका वित्तीय साक्षरता कार्यक्रमहरु आयोजना गरेको थियो । बैंकले देशका ७ वटै प्रदेशमा स्थानीय स्कुल, कलेज, क्लवहरुसंग समन्वय गरेर विभिन्न तहका विद्यार्थी, महिला तथा ज्येष्ठ नागरिकहरुलाई लक्षित गर्दै अन्तरकृया कार्यक्रमहरुको आयोजना गरी नयिदर्बा :यलभथ ध्भभप २०२३ मनाएको हो । माछापुच्छ्रे बैंक लि. ले आम ग्राहक वर्गलाई लक्षित गर्दे यसअघिपनि विभिन्न समयमा विभिन्न माध्यमहरुमार्फत वित्तीय साक्षरता कार्यक्रमहरु आयोजना गर्दै आएको थियो ।

हरेक क्षेत्र र वर्गका ग्राहकलाई सरल र सहज बैंकिङ्ग सेवा पुर्याउने उद्धेश्यका साथ बैंकले देशका ७ वटै प्रदेशमा १६५ शाखा, ११ एक्सटेन्सन काउन्टर, १३३ शाखारहित बैंकिङ्ग सेवा, २०६ एटिएम मार्फत १४ लाख भन्दा बढी ग्राहक महानुभावहरुलाई सेवा प्रदान गर्दै आइरहेको छ ।

## अर्थ संसार

# महालक्ष्मी विकास बैंकको आवास र व्यवसायिक कर्जा

महालक्ष्मी विकास बैंकले नयाँ वर्षको अवसर पारेर घर खरिद वा निर्माण तथा उद्याम गर्न चाहनेहरुका लागि नयाँ ब्याजदर सार्वजनिक गरेको छ । बैंकले दुवै कर्जा योजनामा ऋणिका लागि १२.९९ प्रतिशतको आकर्षक ब्याजदरमा कर्जा प्रवाह गर्नुका साथै कर्जा सेवा शुल्कमा विशेष छुट प्रदान गर्ने जनाएको छ । महिला सशक्तिकरणमा जोड दिँदै बैंकले घरधनी वा व्यवसायधनी महिला भएमा सेवा शुल्कमा ०.२५ प्रतिशत छुट प्रदान गर्ने र




उक्त छुट सुविधा सीमित समय अवधिका लागि रहेको जनाएको छ । आवास कर्जा योजना अन्तर्गत ऋणिका लागि निर्माण लागतको शतप्रतिशत कर्जा प्रवाह गर्नुका साथै कर्जाको अवधि अधिकतम ३० वर्ष, घर निर्माणमा अग्रिम कर्जा प्रवाह तथा सेवा शुल्कमा छुट जस्ता आकर्षक सुविधा प्रदान गर्ने बैंकले जनाएको छ । व्यावसायिक कर्जा योजना अन्तर्गत ऋणिका लागि धितो मूल्यांकनमा उच्चतम कर्जा प्रवाह गर्नुका साथै व्यवसाय सुरु गर्न अग्रिम कर्जा प्रवाह गर्ने तथा सेवा शुल्कमा छुटलगायतका सुविधाहरु प्रदान गर्ने बैंकले जनाएको छ । हाल विद्यमान तरलता अभाव तथा बढ्दो ब्याजदरका बिच पनि बैंकले सुलभ ब्याजदरमा सरलिकृत तवरले कर्जा प्रवाह गरिरहेको बताइएको छ । घर खरिद गर्न अथवा घर निर्माण गर्न र स्वदेशमै उद्यम गर्न चाहनेका लागि लाभदायक महालक्ष्मी आवास कर्जा र महालक्ष्मी व्यावसायिक कर्जा आकर्षक ब्याजदरमा बैंकका सम्पूर्ण शाखाबाट उपलब्ध हुने बैंकको भनाइ छ ।

# सिटिजन्स बैंक धनगढी शाखाको निःशुल्क स्वास्थ्य शिविर


सिटिजन्स बैंक इन्टरनेसनलले धनगढीमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको छ। बैशाख ७ गते बैंकको वार्षिकोत्सवलाई लक्षित गरी सो शिविरको आयोजना गरेको बैंकले जनाएको छ। संस्थागत सामाजिक उत्तर दायित्व अन्तरगत बैंकले गौरीगङ्गा नगरपालिका-५ अण्डैयामा आयोजित शिविरमा करीब ३०० जनाले निःशुल्क स्वास्थ्य परीक्षण गर्नुका साथै आवश्यक औषधीहरु समेत निःशुल्क वितरण गरेको छ। शिविरमा अत्तरिया अस्पतालका




डा आनन्द पाठक, डा अनिश कुमार शाह, डा सीता बम र डा धनसार जागरीको नेतृत्वमा रहेको टोलीले सुगर, प्रेसरलगायतको सामान्य स्वास्थ्य जाँच गरी विभिन्न रोगको चेकजाँच सहित आवश्यक स्वास्थ्य सुझाव दिएका थिए । निकट भविष्यमा बैंकले संस्थागत सामाजिक उतरदायित्व कार्यक्रम अन्तर्गत यस्ता स्वास्थ्य शिविर प्रदेशका अन्य शाखामार्फत पनि सञ्चालन गर्ने जनाएको छ ।

# हिमालयन बैंकले खाता खोल्दा पाउने बिमा रकमको सीमा बढ्यो

हिमालयन बैंक लिमिटेड विभिन्न दुई थरीका खाता खोल्दा दिँदै आएको बिमाको रकम वृद्धि गरेको छ । बैंकले नारी बचत खाता र विशेष तलबी खातामा प्रदान गर्दै आएको दुर्घटना मृत्यु बिमाको सीमा रकम १० लाख




बनाएको हो । नारी बचत खाता नारीहरुको सम्मान स्वरुप विशेष गरी नारीहरुलाई लक्षित गरिएको योजनाको रुपमा रहेको छ । यस्तै विशेष तलबी खाता कुनै पनि संघ संस्थामा आबद्ध व्यक्तिको नाममा तलब जम्मा गर्ने प्रयोजनले खोलिने तलबी खाताको रुपमा रहेको छ । १० लाख रुपैयाँसम्मको दुर्घटना मृत्यु बिमाबाहेक नारी वचत खातामा लकर धरौटीमा ५० प्रतिशत छुट र विभिन्न बैंकिङ सेवाहरुमा २५ प्रतिशतसम्म छुट रहेको बैंकले जनाएको छ ।

# कोही किन गृह नै चाहन्छ ?

***नगेन्द्रराज पौडेल***

भर्खर मात्र १० दलीय सत्ता समीकरणले सरकामा को जाने भन्ने’दयगतको हिसाब मिलाएको छ। यसैका आधारमा प्रधानमन्त्रीले दोस्रोपटक प्रतिनिधिसभाबाट विश्वासको मत पाएको डेढ सातापछि सरकार विस्तार त भएको छ तर पनि पूर्णता भने पाउन सकेको छैन। सत्ता साझेदारीको महत्वपूर्ण घटक नेपाली कांग्रेसकै शेखर(गगन समूहको प्रतिनिधित्वको कारण सरकार अपुरै रहेको छ। आज पनि प्रधानमन्त्रीले बहुमन्त्रालय सम्हाल्नुपरेको छ। यसको मूल कारण कुन मन्त्रालय कुन दललाई दिने भन्ने’दयगत सत्ता गठबन्धनभित्रको किचलो र आफ्नो भागमा परेको मन्त्रालयमा कसलाई पठाउने भन्ने’दयगतको दलभित्रको आन्तरिक विवाद नै हो। सबै मन्त्रालय उत्तिकै स्वायत्त र समान हैसियतका भए पनि अधिकांश दल र तिनका सदस्यले गृह, अर्थ वा यस्तै अन्य मन्त्रालय रोज्छन्। रोज्ने मात्र मात्र होइन हानाथाप नै गर्छन् र अन्त्यमा यो वा त्यो नपाए सरकारमा जाँदैनौं भनेर घुर्कीसमेत लगाउँछन्।

राजनीतिक दलले मात्र होइन निजामतीमा पनि मन्त्रालय रोजाइका लागि निकै ठूलो भागदौड नै चल्छ। अझ केही वर्ष अगाडि त सरकारले नै आकर्षक मन्त्रालयका रूपमा अर्थ, गृह, श्रम, भौतिक पूर्वाधारजस्ता मन्त्रालय र अन्य निकायलाई किटानी गरेर मालदार मन्त्रालय/विभागका रूपमा घोषणा नै गरिदिएको छ। यसकारण सक्नेहरू यिनै मन्त्रालय र नसक्नेहरू पेलिएको मन्त्रालयमा जाने क्रम निजामतीमा आजपर्यन्त जारी छ।

कमाउका लागि गृह

हालै राजधानीबाट प्रकाशित एक दैनिकले गृह मन्त्रालयमा वर्षौंदेखिको आर्थिक ब्रह्मलुटको समाचार बाहिर ल्याएको छ। देश आर्थिक रूपले टाट पल्टन लागेको छ। अनुमानित राजस्वले साधारण खर्चसमेत धान्न नसक्ने प्रक्षेपण अर्थविदले गरिरहेका छन्। वैदेशिक ऋणको भारीले नागरिकको थाप्लो थिचिँदै छ। बिग्रेको अर्थतन्त्र सुधारका लागि अर्थमन्त्रीका रूपमा डाक्टर प्रकाशशरण महतलाई उभ्याइएको छ। अर्थतन्त्रमा तत्काल सुधार गर्ने उनीसँग नयाँ जादू छ जस्तो लाग्दैन।

देशको अर्थतन्त्र’दयगत पर्वाह नगरी आर्थिक अपचलन गर्न गृह मन्त्रालय निकै अघि देखिन्छ। २०४६ यता गृहमन्त्री र गृह मन्त्रालयका सचिवले सूत्र/सुराकीका नाममा सरकारी ढुकुटीबाट २४ करोड ५० लाख रुपैयाँ बुझेको तथ्य सार्वजनिक भएको छ। २०४७ जेठयता मन्त्री र सचिवले दैनिक रूपमा असीमित रकम सुराकी परिचालन शीर्षकमा बुझ्दै आएका थिए। १३ जेठ २०५० मा गिरिजाप्रसाद कोइराला नेतृत्वको मन्त्रिपरिषद्ले त्यसलाई संस्थागत गर्दै सुराकी परिचालन शीर्षकमा गृहमन्त्रीले एकपटकमा ५० हजार र सचिवले २० हजार रुपैयाँसम्म खर्च गर्न पाउने निर्णय गरेको थियो। २०७८ असोज १४ को मन्त्रिपरिषद् बैठकले सचिवले खर्च गर्न पाउने सीमा एकपटकमा २० हजारबाट बढाएर २५ हजारसम्म पुऱ्याएको थियो। त्यस समययता प्रायः सबै गृहमन्त्री र सचिवले सो रकम बुझ्दै आएको तथ्य सार्वजनिक भएको छ।

प्रदेश पनि उस्तै

संघीय सरकारको अनुकरण प्रदेशमा पनि गरिएको छ। मधेस प्रदेशका गृहमन्त्री र गृह सचिव दुवैले सुराकी रकम बुझ्ने गरेको तथ्य बाहिरिएको छ। सो प्रदेशमा मन्त्रीले एकपटकमा ३० हजार र सचिवले १० हजार रुपैयाँसम्म लिन पाउनेगरी १० जेठ २०७५ मा प्रदेश सरकारले निर्णय गरेको थियो। एक सूचनाअनुसार २०७५(२०७६ देखि हालसम्म सो प्रदेशमा झन्डै १ करोड सुराकीबापत मन्त्री, सचिवले बुझेका छन्। खोज्दै जाँदा अन्य प्रदेश पनि यस मामिलामा अछुतो नहुन सक्छन्। प्रदेश सरकारले मिटरब्याजी पीडितको समस्यासमेत समाधान गर्न सकेको छैन। पीडित संघमा धाउनुपर्ने अवस्था छ। यसैकारण प्रदेश सरकारप्रति जनताको असन्तुष्टि देखिन्छ। यो घटनाले प्रदेशप्रतिको मोह भंग हुनलाई सघाएको छ। घरघरमा सिंहदरबार भनिए पनि आर्थिक अपचलनका लागि प्रदेश प्रदेशमा सिंहदरबार सार्थक भएको देखिन्छ।

केही अपवाद

सूचनाअनुसार बिल, भरपाइ र खासै कागजी प्रमाण पनि नचाहिने सरल रूपमा नै प्राप्तियोग्य सो रकम २०४७ सालयता बनेका ३१ गृहमन्त्री र ३० गृहसचिवमध्ये सबैभन्दा बढी २०६२(६३ का गृहमन्त्रीले १ करोड १९ लाख ३९ हजार रुपैयाँ बुझेका छन् भने आव २०७८/७९ मा गृहसचिवले ९२ लाख ९७ हजार रुपैयाँ भुक्तानी लिएका छन्। संसद्को सार्वजनिक लेखा समिति र महालेखा परीक्षकको कार्यालयले दुरुपयोग रोक्न पटकपटक दिएका सुझाव र निर्देशन सबैजसो सरकारले बेवास्ता गर्दै आएका थिए। जसका कारण गृहमन्त्री र गृहसचिवले हरेक दिनको हिसाबमा सुराकी परिचालन शीर्षकमा नगद बुझ्ने गरेका थिए। यसरी अनगिन्ती रकम स्वाभाविक रूपमा नै बुझ्न पाइने भएपछि जुनसुकै मन्त्री र सचिवको पहिलो रोजाइ गृह हुने नै भयो। २०६८ साउन १६ देखि भदौ ३ सम्म करिब दुई साता मात्रै गृहमन्त्री बनेका वर्तमान गृहमन्त्री नारायणकाजी श्रेष्ठ, यसअघि छोटो समय गृहमन्त्री बनेका खगराज अधिकारी र रवि लामिछानेले भने सो रकम लिएका छैनन् भनिएको छ।

सकारात्मक पहल

सरकारप्रति जनविश्वास नकारात्मक हुँदै गएको र सुराकी खर्च’दयगत समाचार उत्कर्षमा पुगिरहेको बेला नवनियुक्त गृहमन्त्री नारायणकाजी श्रेष्ठले पद बहाली पछिको पहिलो निर्णय नै यसरी अनियमिततवरले बाँडिदै आएको सूत्र सुराकी खर्च कटौतीसम्बन्धी गरेका छन्। उनले अब आइन्दा यसरी सूत्र सुराकीको रकम वितरण नगर्नेसम्बन्धी प्रस्ताव क्याबिनेटमा लैजाने निर्णय गरेका छन्। सो निर्णय अब बस्ने मन्त्रिपरिषद् बैठकमा पेस हुने गृह मन्त्रालयले जनाएको छ। सो प्रस्ताव मन्त्रिपरिषद्बाट स्वीकृत भएको खण्डमा लेखा परीक्षणको दायरामा समेत नआउने गरी मन्त्री र सचिवबाट ३२ वर्षदेखि सुराकी परिचालनको आवरणमा भइरहेको सरकारी रकमको चरम दुरुपयोग रोकिनेछ। मन्त्री र सचिवले स्वेच्छाचारी रूपमा रकम लिने, कोहीप्रति जवाफदेही नै हुनु नपर्ने अवस्थालाई अन्त्य गर्न यो निर्णय लिइएको मन्त्री श्रेष्ठले बताएका छन्। यो मन्त्री श्रेष्ठको निकै राम्रो, प्रशंसनीय र लोकप्रिय कदम हो। संयोग नै मान्नुपर्छ, उनै श्रेष्ठ, जसले आफू गृहमन्त्री हुँदा अग्रज मन्त्रीहरूले लिँदै आएको सो रकम लिएका थिएनन् तिनैले आज ११ वर्षपछि गृहमन्त्री भएर आएको पहिलो दिनमा नै सूत्र परिचालनको खर्च दिने प्रावधान खारेजका लागि मन्त्रिपरिषद्मा प्रस्ताव लाने तयारी गरेर हुने बिरुवाको चिल्लो पात देखाइसकेका छन्। यही प्रस्ताव प्रदेश सरकारले पनि ल्याएर रकमको दुरुपयोग प्रदेशमा पनि रोकोस् भन्ने जनचाहना तीव्र देखिन्छ।

राष्ट्रपति ‘मितव्ययी’ बनून्

देशको आर्थिक पक्षलाईसमेत दृष्टि दिँदै प्रदेशको संरचनाप्रति आमनागरिकको मोह भंग हुन थालेको छ। अनावश्यक संरचनाका कारण राष्ट्रिय बजेटको खर्चका तुलनामा नागरिकले पाएको सेवालाई हेर्दा नगण्य देखिन्छ। केही समयअघि उपराष्ट्रपति चुन्दै गर्दा आममानिस सो संस्थाको उपादेयतामाथि नै प्रश्न चिह्न खडा गर्दै राष्ट्रियसभा अध्यक्ष र उपराष्ट्रपति एउटै व्यक्तिलाई जिम्मा दिन किन नहुने भनी प्रश्न गरेका थिए।

केही वर्ष अगाडिदेखि सरकारले अर्थ, गृह, श्रम, भौतिक पूर्वाधारजस्ता मन्त्रालयलाई मालदार मन्त्रालय र विभागका रूपमा घोषणा नै गरिदिएको छ

संविधानको धारा ६१ ले राष्ट्रिय एकताको प्रवर्द्धनसँगै आफ्नो संरक्षक र पालकका रूपमा कल्पना गरेको राष्ट्रपति संघीय लोकतान्त्रिक गणतन्त्रको प्रतीक हो। राष्ट्रपति पदमा आसीन पात्रको वैयक्तिक क्रियाकलापले संस्थाको गरिमा र यसै गरिमाले संघीय लोकतान्त्रिक गणतन्त्रको औचित्यलाई पुष्टि गर्छ। तर, यो संस्था आफैंमा कार्यकारी नभई आलंकारिक भएकाले मितव्ययी बन्न जरुरी छ। यसका लागि नवनियुक्त राष्ट्रपतिले हालै नियुक्त गरेका विभिन्न विधाका सल्लाहकारलाई हेर्दा यो संस्था थप खर्चिलो देखिन थालेको छ।

राष्ट्रपतिले गल्ती गर्दैन भन्ने मान्यता हाम्रो संविधानको मान्यता हो। राष्ट्रपतिमा कुनै खास कार्यकारी जिम्मेवारी रहँदैनन् र उसले सम्पादन गर्ने कामकारबाही सार्वजनिक टीका( टिप्पणी वा आलोचनाको विषय बन्नुहुँदैन भन्ने आममान्यता पनि हो। जनताको छोरो राष्ट्रप्रमुख भएर पनि जनताजस्तै देखिनबाट यसअघिका दुवै जना राष्ट्रपति धेरथोर चुकेकै हुन्। बेलाबेलामा कार्यकारी नेतृत्वबाट भएको स्वार्थपूर्ण प्रयोगले पनि यो संस्था विवादमा आएकै हो। विगतबाट सिकेर संविधानको संरक्षक र पालकका रूपमा यो संस्था बढी सतर्क रहनुपर्छ। राष्ट्रपतिलाई उसले गर्ने व्यवहारका आधारमा जनताले आफूबीच र आफूजस्तै रहेको अनुभूति गर्न पाउनुपर्छ।

हाम्रो वर्तमान संविधानले राष्ट्रपति पदलाई संवैधानिक र आलंकारिक मानेको छ। यसकारण राष्ट्रपति राष्ट्रप्रमुख हो तर सरकारप्रमुख होइन। यो अवस्थालाई झन्डै बेलायतको राजासँग तुलना गर्न सकिन्छ। यस्तो राष्ट्रपतिलाई बग्रेल्ती सल्लाहकार किन चाहियो ? उनको पहिलो सल्लाहकार नै प्रधानमन्त्री हुन्। सरकार हो। राष्ट्रपति आफैंले केही निर्णय लिने पनि होइन। कार्यकारी भूमिकामा आउने पनि होइन, यसकारण उनले कमभन्दा कम सल्लाहार राखेर राष्ट्रलाई थप आर्थिक बोझ पर्नबाट जोगाउन सक्नुपर्छ। यसैमा नै राष्ट्रपति संस्थाको गरिमा बढ्नेछ। राजधानी दैनिक

***देशको अर्थतन्त्र’दयगत पर्वाह नगरी आर्थिक अपचलन गर्न गृह मन्त्रालय निकै अघि देखिन्छ। २०४६ यता गृहमन्त्री र गृह मन्त्रालयका सचिवले सूत्र/सुराकीका नाममा सरकारी ढुकुटीबाट २४ करोड ५० लाख रुपैयाँ बुझेको तथ्य सार्वजनिक भएको छ। २०४७ जेठयता मन्त्री र सचिवले दैनिक रूपमा असीमित रकम सुराकी परिचालन शीर्षकमा बुझ्दै आएका थिए। १३ जेठ २०५० मा गिरिजाप्रसाद कोइराला नेतृत्वको मन्त्रिपरिषद्ले त्यसलाई संस्थागत गर्दै सुराकी परिचालन शीर्षकमा गृहमन्त्रीले एकपटकमा ५० हजार र सचिवले २० हजार रुपैयाँसम्म खर्च गर्न पाउने निर्णय गरेको थियो। २०७८ असोज १४ को मन्त्रिपरिषद् बैठकले सचिवले खर्च गर्न पाउने सीमा एकपटकमा २० हजारबाट बढाएर २५ हजारसम्म पुऱ्याएको थियो। त्यस समययता प्रायः सबै गृहमन्त्री र सचिवले सो रकम बुझ्दै आएको तथ्य सार्वजनिक भएको छ।***

***संघीय सरकारको अनुकरण प्रदेशमा पनि गरिएको छ। मधेस प्रदेशका गृहमन्त्री र गृह सचिव दुवैले सुराकी रकम बुझ्ने गरेको तथ्य बाहिरिएको छ। सो प्रदेशमा मन्त्रीले एकपटकमा ३० हजार र सचिवले १० हजार रुपैयाँसम्म लिन पाउनेगरी १० जेठ २०७५ मा प्रदेश सरकारले निर्णय गरेको थियो। एक सूचनाअनुसार २०७५(२०७६ देखि हालसम्म सो प्रदेशमा झन्डै १ करोड सुराकीबापत मन्त्री, सचिवले बुझेका छन्। खोज्दै जाँदा अन्य प्रदेश पनि यस मामिलामा अछुतो नहुन सक्छन्। प्रदेश सरकारले मिटरब्याजी पीडितको समस्यासमेत समाधान गर्न सकेको छैन। पीडित संघमा धाउनुपर्ने अवस्था छ। यसैकारण प्रदेश सरकारप्रति जनताको असन्तुष्टि देखिन्छ। यो घटनाले प्रदेशप्रतिको मोह भंग हुनलाई सघाएको छ। घरघरमा सिंहदरबार भनिए पनि आर्थिक अपचलनका लागि प्रदेश प्रदेशमा सिंहदरबार सार्थक भएको देखिन्छ।***

## चोरी भएका मूर्ति खोजीका लागि दबाब दिँदै चापागाँउमा सडक बन्द

पाटन। ललितपुरको चापागाँउमा चोरी भएको मूर्ति खोज्न प्रशासनले बेवास्ता गरेको भन्दै स्थानीयले दबाबस्वरुप सडक अवरुद्ध गरेका छन्। स्थानीयले प्रशासन, जनप्रतिनिधि माथि खबरदारी गर्दै बिहान २ घण्टा सडक अवरुद्ध गरेका हुन्। चापागाँउ पुरानो बसपार्कसँगै मोती पुस्तकालय आडमा रहेको चैत्यबाट बुद्धको तीन वटा मूर्ति फागुन १७ गते बुधबार र फागुन २९ गते आइतबार रातको समयमा चोरी भएको थियो। चैत्यमा विसं ८२७ मा ती मूर्ति स्थापना गरिएको शिलालेखमा उल्लेख छ। सडक अवरुद्ध गर्दै स्थानीय प्रशासन र जनप्रतिनिधिको भूमिकाको विरोधमा खबरदारी गरिरहेका चन्द्रमान महर्जनले संस्कृति र सम्पदा संरक्षणमा नगरप्रमुख वडा अध्यक्ष तथा जनप्रतिनिधि उदासिन भएको भन्दै असन्तुष्टी व्यक्त गर्नुभयो। “हामीले मत दिएर जिताएका जनप्रतिनिधिलाई स्थानीय सम्पदा मासिँदा चासो हुनुपर्छ”, उहाँले भन्नुभयो। महानगरी प्रहरीवृत्त चापागाउँका प्रमुख प्रहरी नायब उपरीक्षक कृष्णकुमार चन्दले स्थानीयवासीले साङ्केतिक रुपमा केही समय सडक अवरोध गरेको बताउनुभयो।

# खेलकुद

## नेपाल भियतनामसँग ५-१ गोलले पराजित

काठमाण्डौ। पेरिस ओलम्पिक महिला फुटबल एसिया छनोटको पहिलो चरणको पहिलो खेलमा नेपाल भियतनामसँग पराजित भएको छ। दशरथ



रङ्गशालामा भएको खेलमा नेपाल भियतनामसँग ५-१ गोलले पराजित भएको हो। पहिलो हाफमा नेपाल ३ गोलले पछाडि परेको थियो। दोस्रो हाफमा नेपालले थप २ गोल खायो भने एक गोल फर्कायो। नेपालका लागि सावित्रा भण्डारीले ८० औं मिनेटमा गोल गरिन्। फिफा वरीयतामा भियतनाम ३३औं र नेपाल एक सयऔं स्थानमा रहेको छ। भियतनाम अस्ट्रेलिया-न्युजिल्यान्डमा चार महिनापछि हुने फिफा महिला विश्व कपमा प्रतिस्पर्धा गर्दैछ।

पहिलो चरणको छनोटमा समूह ‘सी’ मा नेपाल र भियतनामले मात्र खेलेका हुन्। प्यालेस्टाइन र अफगानिस्तानले नाम फिर्ता लिएपछि यो समूहमा नेपाल र भियतनाम मात्र रहेका छन्। नेपाल र भियतनामको दोस्रो खेल आउँदो शनिवार हुँदैछ।

## सातदोबाटोलाई हराउँदै जावलाखेल ए डिभिजन लिगको शीर्ष स्थानमा

काठमाण्डौ। सातदोबाटो युथ क्लबलाई हराउँदै जावलाखेल युथ क्लब शहीद स्मारक ए डिभिजन लिग फुटबलको शीर्ष स्थानमा उक्लिएको छ।

एन्फा कम्प्लेक्समा भएको खेलमा जावलाखेलले सातदोबाटोलाई २-१



गोलले हरायो। जावलाखेलका फोडे फोफाना र मोसाबीले गोल गरे भने सातदोबाटोका दिपकराजसिंह ठकुरीले एक गोल फर्काए।

तालिकाको शीर्ष स्थानमा रहेको जावलाखेलको ६ खेलबाट १३ अङ्क रहेको छ भने दोस्रो स्थानको सातदोबाटोको १२ अङ्क छ।

आजै च्यासलमा भएको अर्को खेलमा न्युरोड टिम (एनआरटी) र चर्च ब्वाइज युनाइटेडले २-२ गोलको बराबरी खेलेका छन्। दुई गोलको अग्रता जोगाउन नसक्दा चर्च ब्वाइज बराबरीमा रोकिन बाध्य भयो। चर्च ब्वाइजका आशिष चौधरी र अनन्त तामाङले तथा एनआरटीका रोशन खड्की र सरोज तामाङले गोल गरे। चर्च ब्वाइज १२ अङ्कसहित तालिकाको तेस्रो स्थानमा र एनआरटी ३ अङ्कसहित १३ औं स्थानमा छ।

## गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला सरकारले निर्माण गर्ने

काठमाण्डौ। चितवनमा निर्माणाधीन गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला सरकारले निर्माण सम्पन्न गर्ने भएको छ। हिजो बसेको मन्त्रिपरिषद्को बैठकले रंगशालाको स्वामित्व लिएर निर्माण सम्पन्न गर्ने निर्णय गरेको हो। धुर्मुस सुन्तली फाउन्डेसनले निर्माण शुरु गरेको रंगशाला रकम अभावका कारण केही वर्षदेखि अलपत्र छ। कलाकारद्वय सीताराम कट्टेल र कुञ्जना



घिमिरेले रंगशाला निर्माणको क्रममा लागेको १८ करोड रुपैयाँ ऋण तिर्न नसकेको भन्दै भरतपुर महानगरपालिकालाई जिम्मा लगाएर निर्माण रोकेका थिए। मन्त्रिपरिषद्को निर्णयसँगै अब गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला निर्माणको काम अगाडि बढ्ने भएको छ। मन्त्रिपरिषदको निर्णय अनुसार अहिले हिसाब फरफारक गर्नका लागि सरकारले १२ करोड रुपैयाँ दिने छ। हिसाब भने भरतपुर महानगरपालिकाले फरफारक गरेर निर्माण कार्य अघि बढ्ने छ। सरकारको युवा तथा खेलकुद मन्त्रालयले निर्माण सम्पन्न गरेपछि रंगशाला भरतपुर महानगरपालिकालाई हस्तान्तरण गर्ने छ। तीन हजार दर्शक क्षमता भएको प्याराफिटका लागि २ सय ८६ वटा पिलर उठाउँदै चौरमा दुबो गाड्ने काम भइरहँदा निर्माण रोकिएको हो। हालै नेपालले आईसीसी विश्वकप लिग टूमा तेस्रो स्थानमा रहँदै ग्लोबल छनोटमा पुगेपछि क्रिकेटका भौतिक संरचना निर्माणका लागि सरकारलाई दबाब परेको थियो।

जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक



## मेलम्ची....

बिषयलाई लिएर चीनमा समेत नेपालका बैकहरुले मुद्दा दायर गरी पछि मुद्दा जितेर अरबौ रुपैया चिनिया कम्पनीवाट क्षतिपुर्ति प्राप्त गरेका छन् ।

यसरी राष्ट्रिय (अन्तराष्ट्रिय क्षेत्रमा समेत चर्चा परिचर्चा र दवावमा बनिरहेको मेलम्ची खानेपानी परियोजना बन्न(बन्न लाग्दा नेपालका नेताहरु सस्तो लोकप्रीयताको लागि उदघाटन, गर्न लालयित पनि भएका देखिन्थे । जसमा सुन्दरी जलतमा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले उदघाटन गर्ने देखि लिएर तत्कालीन राष्टूपति विद्यादेवी भण्डारीले भृकुटीमण्डपमा धारोमा पानी आईरहेको उदघाटन गरेर देखाएका छन् ।

तर त्यसै भृकुटी मण्डप वरपरका जनताले आजसम्म जारको पानी नकिनेसम्म खानेपानी पिउन पाउदैनन् । कतैकतै मेलम्चीको पानी आएको भएपनि सर्वसाधरणको कठिन बन्दै गएको दैनिकी र जलस्रोतको धनी भएको देशका जनताले सुद्ध पिउने पानी कहिले पाउने हो ।खासै वास्ता गर्न छाडिसकेका छन् । उपत्यकाका आम नागरिकलाई मेलम्चीको पानी काठमाडौ आउछ रे भन्दा कुनैबेला हर्षित हुने गर्दथे । तर आउछ रे आउछ रे आउछ रे भनेर भनेको भन्यै गर्ने तर कहिल्यै भनेको बेलामा सुद्ध पिउने पानी नपाउने र जमिन मुनिको आरस्यानिक मिसिएको पानी पिएर बाच्नु पर्ने सर्वसाधरणलाई मेलम्चीको गाठी कुरो के थाहा ।

मेलम्ची परियोजनाको लैनो भैसी राजनीतिक दलको गलत आसयका साथ निर्वाचनलाई पैशा जुटाउने थलो, मन्त्रीहरुले छानी छानी करोडौ पर्ने गाडी किन्ने स्रोत, खानेपानी मन्त्री देखि लिएर त्याहाका परियोजना प्रमुख, साथै सम्बन्धित निकायका माथिल्ला कर्मचरीको काठमाडौ वा अन्य पायक पर्ने शहरमा घर घडेरी जोड्ने स्रोत, अनि काठमाडौ उपत्यकामा तिनै कर्मचारीहरुले अप्रत्यक्ष लगानी गरेर खोलेका पानी कम्पनी डुब्ने चिन्ता जस्ता समस्याले काठमाडौमा मेलम्चीको खानेपानी ढिलो बनाउनु अझ त्यो परियोजनालाई असफल बनाउन लाग्ने नेपाली काँग्रेस भित्रकै त्यतिवेला देखि यतिवेला सम्म कृष्ण प्रसाद भट्टराईलाई देखि नसक्ने तप्का मेलम्ची खानेपानी नबनिदिए हुन्थ्यो भन्ने सानो कुण्ठा आजपनि पालिरहेका छन् ।

**यस्तो भित्री कथा उपत्यका बासीहरुलाई के थाहा !**

जे भए पनि केही समय लाग्ला काठमाडौ उपत्यकामा मेलम्चीको खानेपानी १७ करोड लिटर प्रत्येक दिन आउने निश्चित भएको छ । अहिले काठमाडौमा साहायक पाईपहरु बिछ्याउने काम भईरहेको छ । अर्को याङग्रीवाट १७ करोड लिटर र लार्के वाट १७ करोड पानी अर्को शुरुङवाट ल्उयाउन अझै केही समय लाग्ने बताएको छ ।

गएको २ वर्ष अगाडी दुईजना इन्जिनियद्धयलाई बर्षाको भेलले हेडबक्स नै भत्काएर बगाएपछि बर्षा याममा मेलम्चीको पानी काठमाडौ उपत्यकामा आउन प्राविधिक समस्या रहेको र काम भईरहेको मेलम्ची परियोजनाले बताउदै आएको छ । मेलम्ची आयोजनाको मुख्य पूर्वाधार अन्य सजिलै बनेपनि कठिन रहेको झन्डै मेलम्चीको ग्यालथुम वाट सुन्दरजल जोड्ने २७ किलोमिटर लामो सुरुङ निर्माण रहेको थियो । त्यो सुरुङ सम्पन्न भईसकेको भनेर केपी शर्मा ओलीले नै उदघाटन गरेको नै २ बर्ष वितिसकेको छ ।

**उपत्यकामा पानीको हाहाकार**

काठमाडौ उपत्यकामा मेलम्चीको पानी आएको डंका पिटेपनि चोक चोकमा पानीको हाहाकार देखिन्छ । झनै बढी जन घनत्व भएको र धेरै पानी चाहिने एरिया जस्तै हाडी गाउँ, असन, इन्द्रचोक, बागबजार एरियामा हप्तामा एकदिन मात्र पानी आउने गरेको र पानी थाप्न मानिसहरु हानथाप गर्ने गरेको देखिन्छ ।

बाज बजारस्थित सलिम मियाँको "हप्तामा दुईदिन पानी आउछ त्यो पनि दुई घण्टाको लागि पालोमा बस्यो पानी थाप्ने पालो पछि परेको छ भने पानी नै सुकिसक्छ ।"यस्ता कथा नयाँ बानेश्वर एरियाका मानिसहरुको पनि छ ।

**मेलम्चीको खानेपानीको इतिहास**

विसं २०६५: सुरुङ निर्माण गर्न चाइना रेलवे कम्पनीसँग ठेक्का सम्झौता भई २०६६ सालको सुरुमा सुन्दरीजलमा पहिलो ब्लास्ट गरी काम सुरु भएको थियो । विसं २०६९ मा ६ किलोमिटर निर्माण गरिसकेपछि ठेक्का लिएको चाइना वेलवेले एकतर्फी ठेक्का रद्द गरेको थियो । विसं २०७० मा बाँकी सुरुङ निर्माण गर्न इटलीको सीएमसीले अनुमति पाएको थियो ।

इटालीको सिएमसिले पनि विसं २०७५मा २५ किमिभन्दा बढी सुरुङ खनिसकेको अवस्थामा फेरि विभिन्न विवाद भएपछि, सीएमसीसँगको ठेक्का पनि रद्द भएको थियो ।

विसं २०७६ मा सुरुङ र हेडवर्क्सका बाँकी काम गर्न सिनोहाइड्रोसँग ठेक्का अर्को सम्झौता भएको थियो । सिनो हाइड्रोले विसं २०७७ असार २१ मा सुरुङको पहिलो परीक्षण गरेर सम्पन्न गरेर ग्याल्थुम, सुन्दरीजल सुरुङ ब्रेक थ्रु भएको थियो तर असार ३१ गते नै बाढी आएर दुर्घटना भएपछि स्थगित । ग्याल्थुमवाट पानी पठाउने काम बन्द गरिएको थियो ।

सोही बर्षको विसं २०७७ फागुन १०: सुरुङमा पानी प्रवाह गरी परीक्षण सुरु गरिएको थियो ।

**याङ्री र लार्के**

पहिलो चरणमा मेलम्ची खोलाबाट दैनिक १७ करोड लिटर पानी उपत्यकाल्याई सुख्खा मोषमा मात्र वितरण गरिदै आएको र बर्षामा उक्त पानी बाढी र प्राविधिक कठिनाईका कारण ल्याउन सकिरहेको छैन भनि काठमाडौ खानेपानी लिमिडेड केयुकेलले बताउदै आएको छ ।

बढ्दो जनसङ्ख्याका कारण उक्त त्याही १७ करोड लिटरले मात्र नपुग्ने र काठमाडौ उपत्यिकामा भइरहेको पानीका स्रोतहरु जम्मा जम्मी १३ करोड लिटर दैनिक रहेको जम्मा जोड्दा ३० करोड लिटर मात्र छ । दैनिक काठमाडौ बासीहरुलाई ५५ करोड दैनिको हाराहरीमा पानी आवश्यक छ । त्यसकारण दोस्रो चरणमा मेलम्चीको पानीमा याङ्री र लार्के खोलाका पानी समेत मिसाउने योजना मेलम्ची खानेपानी परियोजना अन्तर्गत नै छ ।

पानीको कुल परिमाणः मेलम्चीको १७ करोडमा याङ्री र लार्केको पनि १७/१७ करोड लिटर जोडेर कुल दैनिक ५१ करोड लिटर पानी आपूर्ति गर्ने योजना परियोजनाको छ । थप दुईवटा सुरुङः लार्केबाट याङ्रीमा पानी खसाउन २ किमि छोटो सुरुङ र याङ्रीबाट मेलम्चीमा पानी खसाउन झन्डै ९.५ किमि लामो अर्को सुरुङ आवश्यक छ । मेलम्चीको पानी काठमाडौको उपत्यकाका मानिस हरुको विपना बन्दै गएको छ । कृष्ण प्रसाद भट्टराईको सपना साकार पार्न नेपाली काँग्रेसको कृष्ण प्रसाद भट्टराईका अनुयायीहरुको नेतृत्वमा रहेको नेपाली काँग्रेसले अलि गम्भिर भएर सोचिदिने हो भने बुढानिलकण्ठमा पनि एकदुईवटा माछा पोखरी बन्थे की ? नेपाली काँग्रेसको पार्टी कार्यालय रहेको सानेपामा पनि पानीको फोहोरा छुट्थ्यो कि !ङ्ग

## उपनिर्वाचन...

सुदर्शन कँडेल, ताराप्रसाद पौडेल, भाष्करचन्द्र न्यौपाने, सन्तोष थापा, अम्बिका भट्ट, लक्ष्मिमायाँ कोइराला, रामकृष्ण ओझा र चक्रपाणि न्यौपानेले उम्मेदवारी दर्ता गराउनुभएको छ । सहायक निर्वाचन अधिकृत आचार्यका अनुसार २१ गते मङ्गलबार उजुरी दर्ता, २२ गते उजुरीमाथि जाँचबुझ र नामावली प्रकाशन, २३ गते उम्मेदवारी फिर्ता, उम्मेदवारको अन्तिम नामावली प्रकाशन र निर्वाचन चिह्न वितरणको काम हुनेछ ।

मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा यस क्षेत्रबाट निर्वाचित राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछानेको नागरिकता सर्वोच्च अदालतले खारेज गरेसँगै संसद् पद पनि गएपछि अहिले उपनिर्वाचन हुन लागेको हो । यस क्षेत्रमा एक लाख २४ हजार ६९५ जनाले मतदाता रहेका छन् । उनीहरूले ४३ स्थलका १३८ केन्द्रबाट मतदान गर्ने छन् ।

**बारा २ मा ३७ जनाको उम्मेदवारी दर्ता**

प्रतिनिधिसभा सदस्यका लागि बारा निर्वाचन क्षेत्र नं २ बाट जनता समाजवादी पार्टी (जसपा) का केन्द्रीय अध्यक्ष उपेन्द्रयादव सहित ३७ जनाले उम्मेदवारी दर्ता गराउनुभएको छ ।

बाह्र राजनीतिक दल र बाँकी स्वतन्त्रबाट उम्मेदवारी दर्ता गराएका हुन् । जसपा अध्यक्ष यादवले जिल्ला समन्वय समिति बारामा रहेको निर्वाचनको कार्यालयमा आएर उम्मेदवारी दर्ता गराउनुभएको प्रमुख निर्वाचन अधिकृत मुकेश उपाध्यायले जानकारी दिनुभयो । यादवको प्रस्तावकमा जसपाका नारायणप्रसाद यादव र सर्मथकमा सो दलका नवल यादव रहनुभएको छ ।

उहाँलाई नेपाली कांग्रेस, नेकपा ( माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी) रलोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)को समर्थन रहेको छ । यस क्षेत्रबाट निर्वाचित सांसद रामसहायप्रसाद यादव उपराष्टूपतिमा निर्वाचित भएपछि उपनिर्वाचन हुन लागेको हो ।

नेकपा (एमाले) बाट पूर्वमन्त्री पुरुषोत्तम पौडेलले उम्मेदवारी दर्ता गराउनुभएको छ । जनमत पार्टीबाट संविधानसभा सदस्य शिवचन्द्र कुसवाहा र राष्ट्रिय स्वतन्त्र पार्टीबाट रमेश खरेलको पनि उम्मेदवारी दर्ता भएको प्रमुख निर्वाचन कार्यालयले जनाएको छ । नेपाल मजदुर किसानबाट मुक्तिप्रसाद यादव, हाम्रो नेपाली पार्टीबाट चन्द्रप्रकाश सुवेदी, आमजनता पार्टीबाट अरुण ज्ञवालीको उम्मेदवारी परेको छ । बारा २ मा ४६ हजार तीन सय १४ पुरुष र ५८ हजार नौ सय ३४ महिला गरी कूल एक लाख पाँच हजार दुई सय ४८ मतदाता रहेको जिल्ला निर्वाचन कार्यालय बाराका प्रमुख सरोज चौधरीले जानकारी दिनुभयो ।

त्यस्तै आगामी वैशाख १० गते हुने उपनिर्वाचनका लागि तनहुँ(१ को प्रतिनिधिसभा सदस्यमा नौ जनाको उम्मेदवारी दर्ता भएको छ । मुख्य निर्वाचन अधिकृतको कार्यालयमा नौ जना उम्मेदवारले उम्मेदवारी दर्ता गराएका हुन् ।

नेपाली कांग्रेसबाट गोविन्द भट्टराई, नेकपा (एमाले) बाट सर्वेन्द्र खनाल, राष्ट्रिय स्वतन्त्र पार्टीबाट डा स्वर्णिम वाग्ले, राप्रपाबाट शोभा गुरुङ, नेपाल मजदुर किसान पार्टीबाट रामप्रसाद प्रजापति, राष्ट्रिय जनमुक्ति पार्टीबाट पूर्णबहादुर राना, मङ्गोल नेशनल अर्गनाइजेशनबाट प्रेमबहादुर थापा, नेकपा समाजवादीबाट गणेश श्रेष्ठ, नागरिक उन्मुक्ति पार्टीबाट भीमबहादुर सुनारले उम्मेदवारी दर्ता गराएको निर्वाचन कार्यालय तनहुँका प्रमुख हरिप्रसाद ढकालले जानकारी दिनुभयो

यता राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति एवम् पूर्व गृहमन्त्री रवि लामिछानेविरुद्ध राहदानी दुरुपयोगको कसुरमा कारबाही गर्न माग गर्दै दायर भएको रिटमा मंगलबारलाई पेसी तोकिएको छ । सिन्धुलीका युवराज पौडैल 'सफल'ले आइतबार सर्वोच्चमा दायर गरेको रिट सोमबार दर्ता भएको थियो । रास्वपा सभापति समेत रहेका लामिछानेले सोमबार मात्रै चितवन क्षेत्र नम्बर २ का लागि उम्मेदवारी दर्ता गराएका छन् ।

उनले चितवनमा उम्मेदवारी दर्ता गराएसँगै यता सर्वोच्चमा पनि उनीविरुद्ध राहदानी दुरुपयोग मुद्दा दर्ता भएको हो । रिट हालेका सफलले सर्वोच्चले अध्ययन गरिरहेकाले केही दिनमा दर्ता हुने बताएका थिए ।

रिटमा उत्प्रेषण, परमादेश लगायत जे-जो चाहिने उपयुक्त आज्ञा आदेश जारी गरी पाऊँ भनि माग गरिएको छ । उनीविरुद्ध यसअघि प्रहरीले यही कसुरमा अनुसन्धान गरेको थियो ।

यसअघि राहदानी दुरुपयो सम्बन्धी मुद्दा प्रहरी र सरकारी वकिल कार्यालयले नचलाउने निर्णय गरेका थिए ।

मुद्दा नचलाउने निर्णयविरुद्ध सफलले महान्यायाधिवक्ताको कार्यालयलाई समेत विपक्षी बनाएर रिट हालेका थिए। उक्त रिट दर्ता भएसँगै अब मंगलबारदेखि सुनुवाइ अघि बढ्न सक्छ । रवि लामिछाने २०७० फागुन ९ मा अमेरिकी नागरिक भएका थिए । अमेरिकी राहदानी रहेका र अमेरिकी नागरिक हुँदा हुँदै नेपाली राहदानी २०७२ जेठ १३ गते लिएका थिए ।

उक्त प्रकरणमा रविलाई कारबाही गरी पाउन मागसहित सफलले गत माघ १७ मा जाहेरी दिएका थिए । लामिछानेले पनि नेपाली नागरिकता लिएको बयानको क्रममा स्वीकार गरिसकेका थिए । नेपालमा दोहोरो नागरिकताको प्रणाली नभएको र विदेशको नागरिकता प्राप्त गरे पश्चात नेपाली नागरिक कायम नहुने ब्याख्या भएको निवेदनमा उल्लेख छ ।

# अधिकांश सडक सम्पन्न हुने क्रममा

काठमाडौं । काठमाडौं उपत्यकामा सात/आठ वर्ष पहिले शुरु भएका विस्तारका सडकमध्ये कुनैको पनि काम सम्पन्न भइसकेको छैन । सबै सडकमा थोरैथोरै मात्रै काम बाँकी रहेको काठमाडौं उपत्यका सडक विस्तार आयोजनाले जनाएको छ । उपत्यकामा विस्तारका सडकमा कालोपत्र बाँकी भएकामा पनि अरु आधारभूत काम भइसकेको आयोजनाका सूचना अधिकारी महानन्द जोशीले बताउनुभयो । अहिले अधिकांश सडक सम्पन्न हुने क्रममा रहे पनि थोरैथोरै काम बाँकी रहेको छ । तुलनात्मकरुपमा बढी काम भएको नख्खु, बुङमति सडकमा भए पनि त्यहाँका सडक यही महिनाभित्र सम्पन्न गर्नुपर्ने उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "सबैतिर एकदुई किमी मात्रै बाँकी छ र त्यसमा पनि बेस र सबबेसको काम भइसकेको छ ।" अधिकांश सडकमा विसं २०७१ र विसं २०७२ मा सडक निर्माणका लागि ठेक्का सम्झौता भएको थियो । शुरुका वर्षमा सडक विस्तार हुन नसकेका कारण निर्माण अघि बढ्न सकेको थिएन । आयोजनाले २० र २२ मिटर चौडा गर्ने गरी ठेक्का गरेपनि स्थानीयबासीको अवरोधका कारण सोअनुसार सडक अघि बढ्न सकेको थिएन । लामो समय निर्माण अवरुद्ध भएपछि सरकारले सबै सडकमा उपलब्ध चौडाईमा नै कालोपत्र गर्ने निर्णय गरेको थियो । त्यसपछि पनि कहिले कोभिडका कारणले त कहिले निर्माण सामग्रीको सजिलै उपलब्ध नहुँदा निर्माण चालु हुन नसकेको आयोजनाले जनाएको छ । विस्तारका अधिकांश सडक समयमै सम्पन्न नहुनुको कारण एउटै रहेको पाइन्छ । पछिल्लो पटक नेपाल विद्युत् प्राधिकरण, काठमाडौं उपत्यका खानेपानी लिमिटेड, नेपाल टेलिकमलगायतका सेवा प्रदायक संस्थाले संरचना बिच्छ्याउन लागेका कारण तत्काल सम्पन्न गर्न नसकिएको सूचना अधिकारी जोशीले बताउनुभयो । उहाँले भन्नुभयो, "कालोपत्र गरिसकेर खन्नेभन्दा पहिले उनीहरुलाई काम गरिसक्न दिएर मात्रै काम अघि बढाउन लागिएको हो ।" लिमिटेडले पाइप बिच्छ्याइरहेको, प्राधिकरणले विद्युत्को लाइन अण्डरग्राउण्ड गरिरहेको र टेलिफोनको अप्किल फाइबर अण्डरग्राउण्ड गरिहरेको छ ।

# अन्तराष्ट्रिय समाचार

## नेटोको ३१औं सदस्य बन्यो फिनल्याण्ड

रुससँग सीमा जोडिएको फिनल्याण्ड सैन्य गठबन्धन नेटोको ३१औं सदस्य बनेको छ । फिनल्याण्डले एक समय कुनै पनि समूहमा संलग्न नहुने वकालत गर्दै आएको थियो । त्यसबेला नेटोमा उसको संलग्नता असम्भव जस्तै थियो । तर गत वर्ष रुसले युक्रेनमाथि आक्रमण गरेपछि फिनल्याण्ड र स्वीडेनले नेटोमा सदस्यताका लागि आवेदन दिए । तर हंगेरी र टर्कीले स्वीडेनलाई रोकेर राखेका छन् । स्वीडेनले नेटोको सदस्यता प्राप्त गर्न कति समय लाग्छ, यकिन छैन । किनकी नेटोका सबै सदस्यले नयाँ सदस्यलाई सहभागी गराउन सहमति दिनुपर्छ । नेटो, दोस्रो विश्वयुद्धपछि सन् १९४९ मा बनेको थियो, जसमा अमेरिका, क्यानडा र अरु पश्चिमा देश छन् ।

## सिक्किममा हिमपहिरो जाँदा कम्तीमा ७ पर्यटकको मृत्यु

सिक्किममा मंगलबार गएको हिमपहिरोमा परेर कम्तीमा ७ जना पर्यटकको मृत्यु भएको छ । मृत्यु हुनेहरुको सनाखत भइसकेको छैन । नाथुला र गान्तोकबीचको क्षेत्रमा गएको हिमपहिरोमा कम्तीमा १२ जना घाइते छन् । २३ जनाको उद्दार भएको भारतीय रक्षा मन्त्रालयका प्रवक्ता लेफ्टिनेन्ट कर्णल महेन्द्र रावतले भारतीय सञ्चारमाध्यमहरुलाई बताएका छन् । हिमपहिरोमा परेकाहरुको खोजी तथा उद्दार कार्यमा भारतीय सेनाको टोली खटिएको छ । सिक्किमको स्थानीय अनलाइन समाचार पोर्टल भ्वाइस अफ सिक्किमका अनुसार भारतीय समय अनुसार मध्याह्न १२:२० बजे हिमपहिरो गएको थियो । हिमपहिरोमा परेर कम्तीमा ५ देखि ६ वडा सवारीसाधन पुरिएको आशंका छ । मंगलबार साँझ ट्विट गर्दै भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले हिमपहिरोमा पर्नेको खोजी तथा उद्दार कार्य जारी भएको बताउँदै प्रभावितलाई हरसम्भव सहायता प्रदान गर्ने बताएका छन् । गृहमन्त्री अमित शाह सिक्किमको अवस्थालाई नजिकबाट नियालिरहेको बताउँदै घाइतेको शीघ्र स्वास्थ्य लाभको कामना गरेका छन् ।

## अमेरिकी पूर्वराष्ट्रपति ट्रम्पद्वारा फौजदारी अदालतमा आत्मसमर्पण

अमेरिकी पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पले आफूमाथि लागेको आरोप झुट्टा भएको दाबी गर्नुभएको छ । उहाँविरुद्ध विभिन्न ३४ वटा गम्भीर अपराधको अभियोग लागेको छ । यी सबै आरोप मिथ्या भएको ट्रम्पले दाबी गर्नुभएको हो । न्युयोर्कको म्यानहटनमा रहेको अदालतमा उपस्थित हुनुअघि उहाँलाई केहीबेर प्रहरीले प्रक्राउ गरेको थियो । आत्मसमर्पण गरेका उहाँलाई हतकडी भने लगाइएको थिएन । अदालतमा झन्डै एक घण्टाको सुनुवाइपछि उहाँ अदालतबाट बाहिरिनुभएको थियो । ट्रम्पविरुद्ध लागेका फौजदारी अभियोगमा पहिलो दिनको सुनुवाइ सकिएको छ । अब अर्को सुनुवाइ डिसेम्बर ४ तारिखमा हुनेछ । ट्रम्पले आफ्ना समर्थकलाई सम्बोधन गर्दै आफूमाथि लागेको आरोप झुट्टा भएको र त्यसको कुनै प्रमाण नभएको बताउनुभएको थियो ।

सन् २०१६ मा राष्ट्रपति पदका लागि चुनावी आभियन सुरु भएपछि आफूविरुद्ध विभिन्न मिथ्या आरोप लगाइएको उहाँको दाबी थियो । यस्तै अदालत परिसरमा ट्रम्पका समर्थकले विरोध प्रदर्शन गरिरहेका छन् । त्यस क्षेत्रको सुरक्षा व्यवस्था कडा पारिएको छ । अमेरिकामा फौजदारी अपराधको मुद्दा खेप्ने ट्रम्प पहिलो पूर्वराष्ट्रपति बन्नुभएको छ । ट्रम्पलाई गोप्य सम्बन्ध रहेको भनिएकी पोर्नस्टार स्टोर्मीलाई मौन रहन भन्दै अवैध तरिकाले पैसा दिएको, अवैध तरिकाले अर्बौं डलरको सम्पत्ति जम्मा गरेको, ह्वाइट हाउसबाट महत्त्वपूर्ण कागजात गायब पारेको, राष्ट्रपति चुनावको मतपरिणाम अस्वीकार गर्दै आफ्ना समर्थकलाई संसद् भवनमा आक्रमणका लागि उक्साएको लगायतका आरोप छ ।

## मलेसियामा अनिवार्य मृत्युदण्डको नीति हट्यो

मलेसियाको संसद्ले देशको कानुनमा अनिवार्य मृत्युदण्डको सजाय हटाउने पक्षमा मतदान गरेको छ । संसद्ले पारित गरेको व्यवस्था कार्यान्वयनमा आएसँगै हत्या, आतङ्कवादसहित ११ प्रकारका गम्भीर अपराधमा दिइने अनिवार्य मृत्युदण्डको सजाय हट्ने बीबीसीले जनाएको छ ।

मृत्युदण्डको अन्त्यका लागि गएको हप्ता मलेसियाको संसदमा दुई वटा विधेयक दर्ता गरिएका थिए । तिनै विधेयक आज संसदले पारित गरेको हो । मलेसियामा ३४ वटा अपराधमा मृत्युदण्ड दिने व्यवस्था रहेकोमा ११ वटामा अनिवार्य मृत्युदण्ड दिइन्थ्यो । अझै पनि असाधारण घटनाहरूमा भने मृत्युदण्डको आदेश दिन सक्ने न्यायाधीशहरूले स्वविवेकीय अधिकार कायमै राखिएको छ । मलेसियामा अहिले मृत्युदण्ड तोकिएका एक हजार तीन सय ४१ जना कैदीहरू मृत्युदण्डको पर्खाइमा रहेका छन् । अब उनीहरूको ज्यान जोगिनसक्ने बीबीसीको खबरमा उल्लेख छ । नयाँ कानुनले यसअघि नै मृत्युदण्डको फैसला सुनाइएका तर सजाय पाउन बाँकी मानिसहरूलाई पनि ९० दिनभित्र सजायबारे पुनरावेदन माग गर्ने समय दिनेछ । अझैसम्म मृत्युदण्डको सजाय दिइने विश्वका ५३ देशहरूमध्ये मलेसिया पनि एक हो ।

## रुसमा विस्फोट : सेनाका प्रमुख ब्लगरको ज्यान गयो, २५ जना घाइते

रुसको सेन्ट पिटर्सबर्गमा भएको विस्फोटमा सेनाका प्रमुख ब्लगरको ज्यान गएको छ । २५ जना घाइते भएका छन् । विस्फोटमा रुसी सेनासँग सम्बन्धित जानकारीमा आधारित ब्लग बनाउने भ्लादेन तातारस्कीको ज्यान गएको बीबीसीले जनाएको छ । सेन्ट पिटर्सबर्गमा रहेको एक क्याफेमा विस्फोट भएको हो । तातारस्कीलाई रुसी सेनाको प्रमुख ब्लगर मानिन्थ्यो । उहाँ रुसमा लोकप्रिय हुनुहुन्थ्यो । रुसको गृह मन्त्रालयले उहाँको ज्यान गएको पुष्टि गरेको छ । उहाँको वास्तविक नाम मेक्सिम फोमिन रहेको जनाइएको छ । उहाँले युक्रेनमाथि रुसको आक्रमणको समर्थन गर्दै आउनु भएको थियो । युक्रेनको सीमा क्षेत्रमा उहाँले रिपोर्टिङ गर्नु भएको थियो भने गएको वर्ष उहाँले बनाउनु भएको एउटा भिडियोले निकै चर्चा बटुलेको थियो । भिडियोमा उहाँले आफूहरुले जो सुकैलाई हराउने दाबी गर्नु भएको थियो । रुसी सञ्चारमाध्यमका अनुसार तातारस्कीलाई उपहारमा एउटा बक्स दिइएको थियो । त्यो बक्समा विस्फोटक पदार्थ राखिएकोले विस्फोट भएको दाबी गरिएको छ । सामाजिक सञ्जालमा पोष्ट गरिएको भिडियोमा विस्फोट र सडकमा घाइते भएकाहरु देख्न सकिन्छ । घटना कसले गरायो भन्नेबारे अनुसन्धान थालिएको खबरमा उल्लेख छ ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
www.janaakash.com.np


# ‘मुमूर्षा’ः आत्मकथाको मार्मिक प्रस्तुति

प्रा.कपिल अज्ञात

‘जिजीविषा’को विपरीत शब्द हो - ‘मुमूर्षा’ । मुमूर्षाको अर्थ हो - मर्ने चाहना वा इच्छा । मर्ने इच्छा उसैलाई हुन्छ, जसलाई भयानक रोगले पीडा दिएको हुन्छ कि भयानक निराशाले धकेलिरहेको हुन्छ । मुमूर्षा (आत्मकथा, २०७८) कृतिका लेखक हुन् - चिरञ्जीवी दाहाल । उनी गोरखाको तान्द्राङ, मझिन्थोकमा २०२१ फागुन २३ गते जन्मिएका हुन् । समृद्धि (संयुक्त मुक्तकसङ्ग्रह, २०७७) बाट साहित्यमा प्रवेश गरेका उनका कवितासङ्ग्रह र उपन्यासहरू प्रकाशोन्मुख अवस्थामा रहेका छन् । उनले आफ्नो जन्मस्थानको परिचय उनकै शब्दमा - वि.सं. २०२१ साल फागुन शुक्ल तृतीयाका दिनमा भारतवर्षको नेपाल भन्ने देश, जहाँ एउटा गोरखा नाम गरेको जिल्ला छ, त्यस जिल्लाको उत्तर-पूर्वमा रहेको तान्द्राङ भन्ने एउटा सानो गाउँमा । यो मूलरूपमा आत्मकथा नै हो । मिर्गौला रोगबाट पीडित रहेका उनले आफ्नै जीवनका कटु-मधु अनुभवलाई वर्णन गरेका छन् तापनि संरचनात्मक दृष्टिले यो आत्मकथा, यात्रा र संस्मरण तीनै उपविधात्मक तत्वले बुनिएको छ । मिर्गौला, मुटु र क्यान्सर भीषण रोगहरूमध्ये पर्दछन् । तिनबाट कष्ट र पीडा त असाध्यै हुन्छ । साथै उच्च धनराशिबिना उपचार पनि सम्भव हुँदैन । यो रोग लागेपछि मानिस कालसँगै जुधिरहेको हुन्छ । तीव्र इच्छाशक्ति, आत्मविश्वास र अदम्य संयमबिना बाँच्न मुस्किल पर्छ । यहाँ लेखकले भोगेको जीवन अत्यन्त कष्टकर र मर्मस्पर्शी रहेको छ । पढ्दै गएपछि हरकुनै पाठक उनीप्रति सहानुभूतिशील बन्दछ । भाषा सरल र अभिव्यक्ति पनि प्रवाहशील छ ।

यसमा जम्मा २६ वटा घटना प्रसङ्गका निबन्धहरू सङ्गृहीत छन् । सबै निबन्धहरू मुमूर्षामै केन्द्रित छन् । सुरुको निबन्ध जन्मभूमिदेखि अन्तिम निबन्ध अभिमानमा गएर टुङ्गिएको छ । भीषण रोग लाग्नु भनेको मानसिक रूपमै अपाङ्ग हुनु हो । अपाङ्गता बोध भएपनि अत्यन्त संयमपूर्वक अनेक चुनौती हरूको सामना गर्दै आत्मरक्षाको लागि उनले गरेका प्रयासहरू सार्थक देखिन्छन् । बाँच्नु मात्र पूर्णजीवन होइन रहेछ भन्ने बुझेका उनले जीवनको कठिन यात्रा तय गर्दै यथार्थतालाई पनि राम्ररी आत्मसात गरेकाछन् ।

छब्बीसवटै निबन्धमध्ये सर्वाधिक मर्मस्पर्शी र उर्जाप्रद निबन्ध रहेको देखिन्छ - मुस्तफिज । व्यक्तित्वको चरित्रमा केन्द्रित सर्वाधिक सुन्दर संस्मरणको रूपमा यसलाई लिन सकिन्छ । यसमा आत्मराग अत्यन्त घनीभूत रूपमा आएको छ । मुस्तफिजको गलिसकेको मनलाई निबन्धकारले मर्मस्पर्शी रूपमा सम्झाउने प्रयत्न गरेकाछन् । स्वयं जो भीषण रोगसँग संघर्ष गर्दैछ उसैले जीवन प्रति सकारात्मक सोच राखेर अभिव्यक्त गरेका धारणा जीवन प्रतिकै उदात्त स्वरहरू हुन् । यसले मुमूर्षालाई पनि जिजीविषातर्फ उत्प्रेरित गर्दछ । मिर्गौला पीडितहरूले त यो पढ्नै पर्ने देखिन्छ भने अन्य साहित्यकारका निम्ति पनि यो पठनीय र मननीय सामग्री रहेको छ । पाठ्यक्रममै समावेश गर्न योग्य रहेको यो निबन्ध लाखौंमा एक बन्न पुगेको पाइन्छ ।

मुमूर्षा शीर्षक नै दार्शनिक प्रकृतिको छ । मुमूर्षा कृतिभित्रको एक निबन्ध पनि मुमूर्षा नै छ । मर्ने इच्छाको अर्थ भएपछि पक्कै पनि त्यसमा मृत्यु पछिका गहन विचार, चिन्तन वा धारणा होलान् भन्ने लाग्छ तर पनि सबै तत्व यिनमा देखिन्न । अन्तर्मनको यात्राका लेखक जगदीश घिमिरेलाई पनि थाइलोमा नामक भयानक ब्लड क्यान्सरले ग्रसित पार्यो । यसै रोगका कारण म मर्छु भन्ने भएपछि लेखकले मृत्युका बारेमा गहन अध्ययन चिन्तन र मनन युक्त विचार हरू प्रस्तुत गरेका छन् । यस निबन्धमा पनि त्यस्तै चिन्तन र विचारको समन्वय गरिएको होला भन्ने लाग्थ्यो तर यसमा त जिजीविषाकै क्रममा औषधिको खोज , सहयोग र सहुलियतका व्यावहारिक विषयका चर्चा निहित छन् । निबन्धको अन्त्यतिर मात्र शरीर थाकेर जीवनबाट भाग्ने इच्छा नहुँदा नहुँदै पनि परिस्थितिले मनै गल्दै गएपछि मानिस हार खान विवश बन्छ र मृत्युको समीप पुग्छ भन्ने अर्थमा निबन्धको कथ्य टुङ्गिएको पाइन्छ ।

यसमा मृत्यु अवश्यम्भावी भएपनि लेखकले सोझै मर्ने इच्छा व्यक्त गरेका छैनन् । उनको धारणा नै मानिस शरीरबाट थाकेर जीवनबाट भाग्दैन जस्तोसुकै संकटमा पनि उसलाई जीवन नै प्रिय हुन्छ र ऊ त्यसैको स्याहार-सम्भारमा लाग्छ । ऊ हरसम्भव जीवनलाई जोगाउन प्रयत्नशील रहन्छ । यो उसको धर्म र कर्तव्य नै हो तर केही सीप नलागेपछि ऊ कालका सामु लत्रिन विवश भई मृत्युकै सन्निकट पुगेपछि उसले जीवनको भयानक पीडाबाट मुक्त हुन मृत्युको कामना गर्नु पनि स्वाभाविक हुनजान्छ । यसर्थ जिजीविषा र मुमूर्षा विचको संघर्ष र अन्ततः नश्वर जीवनको नियति सामु झुक्नैपर्ने स्थितिमा मुमूर्षा नै अन्तिम निष्कर्ष हो भन्ने ठम्याइ नै लेखकको विचार हो ।

यसमा जीवनजगत्का व्यावहारिक ज्ञानका कुरा पनि प्रस्तुत छन् । सत्कारबाट तिरस्कार हुनुपरेको अनुभव, अभिमानबाट परस्पर हानि हुने कुरा हरेकले हरेकको अस्तित्व स्वीकार गर्नुपर्छ भन्ने धारणा, विगतको प्रेमानुभव, मितेरी सम्बन्ध गाँस्ने प्रचलन, मनैदेखि लगाएको मितेरी सम्बन्ध नै सार्थक हुन्छ, अरूको इच्छा वा आग्रहले लगाइएको मितेरी सम्बन्ध सार्थक हुँदैन भन्ने सन्देश आफ्नै भुलहरूका परिणामजस्ता सम्बन्धहरू पनि यसमा भेटिन्छन् ।

आत्मपरक शैलीमा रचिएका दाहालका अधिकांश निबन्ध संस्मरणात्मक छन् । तिनले कुनै यथार्थपरक कथा पढेझैं उत्सुकता र जिज्ञासाले तान्दछन् । उनको भाषाशैली पनि निकै माझिएको र खारिएको निक्खर र तिख्खर देखिन्छ । उनी कथ्यलाई यथोचित भूमिकासहित उद्घाटित गर्दछन् । सबै निबन्ध वर्णनको मधुर प्रवाहले गतिशील बनेका छन् । तापनि व्यक्तित्व चित्रणमा केन्द्रित निबन्ध विशेष प्रभावोत्पादक बनेका छन् ।

संस्मरणभित्र अन्धविश्वासका कुरा पनि आएका छन्, तिनलाई पनि लेखकले यथोचित रूपमा स्पष्ट पारेका छन् । उनका समग्र निबन्धहरूलाई तीन वर्गमा विभाजन गर्न सकिन्छ - (१) व्यक्तित्वपरक : रिफेल दाइ, मुस्तफिज, (२) यात्रापरक : मनिला यात्रा, पुटपर्थी यात्रा, (३) संस्मरण र निबन्ध एवम् अतीतका घटनावृत्त । यसरी प्रभावोत्पादक निबन्धहरूको सिर्जना गरी साहित्यमा विशेष योगदान पुर्‍याउने दाहाल विशेष उल्लेखनीय पात्र रहेका छन् । साहित्यिक र सामाजिक संस्थाले उनका साहित्यिक कृतिको यथोचित मूल्याङ्कन र सम्मान गरून् । चितवनका आधुनिक गद्यरचनामध्ये यो महत्वपूर्ण उपलब्धि हो ।

यस कृतिभित्र कहीँकसैको भूमिका छैन, छ त आत्मकथ्य मात्र । त्यो लेखकीय दर्शन प्रस्ट्याउने क्रममा महत्वपूर्ण आधार बनेको छ । लेखक आफैले भनेका छन् - आत्मकथाको मौलिक सिद्धान्तलाई आत्मसात् गर्दै लेखकले जीवनकालमा भोगेका केही सुखद र केही दुःखद अनुभवहरूको इतिवृत्त हो । राम्रो कृति आफै बोल्छ, आफ्नै अभिव्यक्तिबाट आफ्नो दम देखाउँछ भन्ने यो एक सुन्दर दृष्टान्त बनेको छ । लेखकले आत्मकथ्यबाट पनि व्यावहारिक जीवनका सुन्दर मार्गदर्शनहरू प्रस्तुत गरेका छन् । उनका विचारमा सुख-दुःख जीवनका क्रम हुन्, जो आउने-जाने गर्दछन् भन्दै सुख-दुःखको परिभाषा यसरी प्रस्तुत गरेका छन् - जसले जीवनका बाधा-व्यवधानहरूलाई सहज रूपमा व्यवस्थापन गर्न सक्छ ऊ सुखी बन्छ र जसले सहज रूपमा व्यवस्थापन गर्न सक्दैन उसको जीवन दुःखदायी बन्दछ ।

यसरी सुख-दुःखका कारक स्वयम् जीवन भएको तथ्य उद्घाटित गर्दै सुख-दुःखको सटीक परिभाषा प्रस्तुत गरेका छन् । त्यस्तै मान्छेले मृत्यु शाश्वत सत्य हो भन्ने सहज रूपमा स्वीकार गर्दैन । सहज रूपमा स्वीकार गरे मान्छे यतिविधि दुःखी हुने थिएन । रहर सुखको पनि गर्न हुन्न र रहर मृत्युको पनि गर्न हुन्न । दुवैको चाहना गर्नाले अस्तित्व नै सङ्कटमा पर्छ तसर्थ काल कसैको वशमा छैन । कालले सबैमाथि न्याय गर्छ भन्ने बुझेर मानिसले आफ्नो कर्म गर्न छाड्नु हुँदैन । जिजीविषा र मुमूर्षाबीचमैं जीवनलाई गति दिनुपर्छ तब जीवन सफल र सार्थक बन्छ भन्ने उनको निष्कर्ष बुझिन्छ । यो उनको अनुभव सागर मथेर प्राप्त गरेको निष्कर्ष हो । यसरी दर्शन प्रस्तुतिका दृष्टिले पनि यो कृति उच्चकोटिको देखापर्छ ।

## गीत



सरस्वती चौलागाई

फूलै फूलले अथितिलाई, स्वागत हामी गर्छौं
ठूलै दिलले अथितिलाई, स्वागत हामी गर्छौं ।

स्वागतम ! स्वागतम ! जोडी दुई हात
अघि बढ्छौं सत्कर्ममा हामी लिई साथ ।

वागमती भई बगेको बाघमुखाकृतिको जल
छङछङ गरी बगेको छ गीत गाउँदै सलल ।

मन मन्दिरको इश्वरलाई स्वागत हामी गर्छौं
सुवास फूलको वासना हामी संसार भरी छर्छौं ।

नेपालीको पहिचान दौरा-सुरुवाल, साडी-चोली
मुस्कान छरी स्वागत गर्छौं हृदयका ढोका खोली ।

शिवपुरी-पशुपतीमा शिरमा जल वागमतीको
पुजारी भई स्वागत गर्छौं भक्त हौं सरस्वतीको ॥

# साहित्य र बालसाहित्यमा उत्तिकै सक्रिय र समर्पित प्रमोद प्रधान

खगेश्वर सापकोटा

नेपाली बालसाहित्यको क्षेत्रमा लामो समयदेखि कलम चलाउँदै आएका व्यक्तित्वहरूमा प्रमोद प्रधानको स्थान पनि महत्वपूर्ण रहेको छ । बालसाहित्यको क्षेत्रमा केही गर्नुपर्छ, आजैदेखि यस क्षेत्रमा केही गर्न सकिएन भने भविष्यको कर्णधारका रूपमा रहेका बालमस्तिष्कमा चेतनाको स्तर वा बौद्धिक क्षमतामा सुधार आउन सक्तैन भनेरै उनी यस क्षेत्रमा लागेको देखिन्छ । जसरी फुल्न लागेको फूललाई उपयुक्त मल, जल, स्याहारसुसार भएन भने फक्रिन नपाइकन ओइलाएर जान्छ, त्यसरी नै बालबालिकाले पनि उपयुक्त पोषण पाएनन् भने उनीहरू पनि फक्रिन र जीवनमा अघि बढ्न सक्तैनन् । त्यसैले हामी बालकलाई फक्रिन लागेको फूलसँग तुलना गर्न सक्छौं । आजका बालकलाई आज हामीले जस्तो शिक्षा, संस्कार र संस्कृति सिकाउँछौं भोलि तिनीहरू त्यस्तै नै बन्छन् भन्ने बुझेर नै प्रमोद प्रधानले बालसाहित्यको क्षेत्रमा आफ्नो अमूल्य जीवन लगाएका छन् । ती कलिला बालमस्तिष्कलाई कसरी देशको ऊर्जाशील व्यक्ति बनाउन सकिन्छ भनेर दिनरात तिनै बालबालिकाको बालमस्तिष्कलाई सचेत, बौद्धिक र सुसंस्कृत तुल्याउनका लागि उनी हरसमय लागिपरिरहेका छन् बालसाहित्यको माध्यमबाट । तर उनको योगदान बालसाहित्यमा मात्र भने सीमित छैन । पूर्वी नेपालको मोरङ जिल्लाको विराटनगरमा पिता डिगमप्रसाद प्रधान र माता गङ्गादेवी प्रधानको कोखबाट २०१५ साल असोज १५ गते उनले यस धर्तीमा पाइला टेक्नुका साथै आँखा खोलेका थिए । उनले बालकहरूको भित्री मनलाई बुझेर नै बालसाहित्यमा हात हालेका हुन् । बालकहरूले कस्ता किसिमका रचनाहरू मन पराउँछन् र उनीहरूलाई कस्ता किसिमका चित्रहरू मन पर्छन् भन्ने कुरा प्रधानलाई थाहा छ । उनले बालकहरूको मनोभावनालाई बुझेका छन्, बालकहरूको मन मस्तिष्कलाई पढेका छन् र बालक्रीडाहरूलाई पनि अत्यन्त नजिकबाट हेरेका छन् र त उनले लेखेका धेरै पुस्तकहरू बालबालिका हरूले मन पराएका छन् र ती कृतिहरूमध्ये कतिपय त चौथो पाँचौं संस्करणसमेत भइसकेका छन् । अविकसित बालकहरूलाई मनोरञ्जन दिँदै निर्माणका कार्यतर्फ, राष्ट्र र संस्कृतिको स्नेहतर्फ र ज्ञानतर्फ आकृष्ट गराउने काम बालसाहित्यको हो । विकसित देशहरूमा बालसाहित्यको निकै विकास भएको देखिन्छ तर हामीकहाँ भने बालबालिकाको उमेरअनुसारका बालसाहित्यको अझै अत्यन्तै अभाव खड्किरहेको छ । हुन त नेपालमा वि.सं १९४९ मा गङ्गाधर द्रविडले गोर्खा पैह्ला किताब भाग १ प्रकाशन गरेर बालवाङ्मयका क्षेत्रमा हात हालेका थिए । त्यसपछि जयपृथ्वीबहादुर सिंहले बालपाठ्य पुस्तकको लेखन र प्रकाशनमा महत्वपूर्ण योगदान गरे । राणाकालीन त्यस समयमा विद्यालयहरू थिएनन् तर पनि आ-आफ्ना घरका केटाकेटीहरूलाई पढाउनका लागि समेत बालपाठ्य पुस्तकको अभाव देखिएकाले ती प्रयासहरू भएका थिए । द्रविड र जयपृथ्वीबहादुर सिंहले खनी खोस्री गरेर निर्माण गर्न लागेको गोरेटो बाटोलाई वर्तमानको समयसम्म आइपुग्दा सिँढी लगाउने, सफा गर्ने र केही फराकिलो बनाउने कार्यमा भने धेरै व्यक्ति लागेको पाइन्छ । तिनै व्यक्तिहरूमध्येका एक सक्रिय व्यक्ति हुन् प्रमोद प्रधान ! साहित्यतर्फको कुरा गर्ने हो भने उनी रातभरिका सुस्केराहरू कवितासङ्ग्रह २०३२ सालमा प्रकाशित गरेर औपचारिक रूपमा साहित्यतर्फ देखापरेका हुन् । नेपाली बालसाहित्यको क्षेत्रमा २०४४ सालदेखि कलम चलाउन थालेका प्रधानको बाल कविताकृति कान समात् कान २०५३ सालमा प्रकाशित भएको थियो । प्रमोद प्रधान औपचारिक रूपमा बाल साहित्यको क्षेत्रमा यही कृतिमार्फत सार्वजनिक भएका हुन् । बालसाहित्यका विविध विधामा कलम चलाउन सफल प्रधानका हालसम्ममा ३२ वटा कृति प्रकाशनमा आइसकेका छन् । जीवनका विभिन्न उकाली ओह्राली र प्रतिकूलताहरूसँग सहकार्य गर्दै उनी यस विधालाई कसरी फुलाउन र फलाउन सकिन्छ भनेर आफूमात्रै नभइकन अन्य साथीहरूलाई पनि यस विधातर्फ लाग्न प्रेरित गरिरहेका छन् ।

कुनै पनि व्यक्तिको साहित्यिक पृष्ठभूमि उसको जीवनमा घटेका जीवन सङ्घर्षका अनुभूतिहरूले साहित्यलेखनमा प्रत्यक्ष प्रभाव पारिरहेको हुन्छ । प्रधानको साहित्यिक यात्रामा पनि उनको जीवनमा घटेका घटनारूको प्रभाव पर्नु कुनै नौलो कुरा होइन । उनको लगभग ४७ वर्ष लामो साहित्यिक यात्रामा लेखिएका कृतिहरूको अध्ययन र अनुसन्धान गर्दा उनका कृतिहरूमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा उनकै जीवनका कहानी पनि पाइनु स्वाभाविक हो । प्रधान मूलतः बाल साहित्यको क्षेत्रमा बाल मनोविज्ञानलाई ध्यानमा राखेर लेख्ने स्रष्टा हुन् । उनी बालबालिकाहरूलाई मनोरञ्जन प्रदान गर्दै जीवनमा अघि बढ्न उत्प्रेरित गर्छन् । परम्पराका नाममा चल्दैआएका विकृतिविरुद्ध उनी बालबालिकालाई सचेतमात्र गराउँदैनन् उनीहरूलाई त्यसको नेतृत्व गर्न पनि प्रेरित गर्दछन् । समयअनुसार बाल बालिकालाई सचेत र दृढ बनाउनुपर्नेमा उनको विश्वास छ । बाल साहित्यको क्षेत्रमा उनले करिब तीन दशकको छोटो समयमा नेपाली समाजलाई परिवर्तन गर्नका लागि गरेको प्रयास आफैमा उदाहरणीयका साथै स्तुत्य रहेको छ । प्रधान बालकविता, बालकथा, बालचित्रकविता, चित्रकथा, बाल जीवनीहरूमा पारिवारिक, सामाजिक, मनोवैज्ञानिक र वातावरीय पक्षको चित्रण गरिएको पाइन्छ । उनका बालकविताले बालबालिकालाई एकातिर मनोरञ्जन दिन्छन् भने अर्कोतिर जीवनमा अघि बढ्न अभिपेरित गर्छन् । उनीहरूलाई जीवनप्रति आशा जगाउँछन् र समाज र देशप्रति उत्तरदायी हुनुपर्ने सन्देश दिन्छन् । उनका बालकविताहरूमा बालमनोभाव र बालजिज्ञासाहरूको चित्रण पनि पाइन्छन् । उनका बालकथाहरूले बालबालिकालाई आजको जल्दोबल्दो वातावरणीय समस्याबारे बोध गराउँदै त्यसमध्ये कतिपय समस्याको समाधान हामी आफैले पनि गर्नसक्छौं भन्ने जानकारी दिन्छन् । उनका जीवनी पुस्तकहरूले गरिबी, अभाव, समस्या हुँदाहुँदै पनि जीवनमा सफलता प्राप्त गर्न सकिन्छ भन्ने अभिप्रेरणा दिन्छन् ।

उनका बालकविता सङ्ग्रहहरू कान समात् कान (२०५३), कानाकाना कुर्र (२०६२), सधैंभरि लुकामारी (२०६२) र च्याइँच्याइँ सारङ्गी (२०६६) गरी चारवटा प्रकाशित छन् । यस्तै चित्रकविताका रूपमा मेरो साथी खोइ ? (२०६६), छुकछुक छुकछुक आयो रेल (२०६९), मेरो गाउँघर (२०७०), भुर्र भुर्र चरी (२०७०), नाच्न थाल्यो चङ्गे बाँदर (२०७०), पाठापाठी (२०७२), बार्दलीमा फर्सी (२०७४), टुसा खाने मुसा (२०७४), छुट्यो झोला (२०७६), हामी बस्छौं घरमा (२०७७) र रसैरस रसिली (२०७८) गरी ११ कृति प्रकाशित भइसकेका छन् । चित्रकथातर्फ उनको हाँस, परेवा र घमण्डी भाले (२०६६), पीपलको सपना (२०६७), कालेको झेल (२०७३) र साहसी डाँफे (२०७७) चार कृति छन् भने बालकथातर्फ खैरो बकुल्ला (२०७५) प्रकाशित छ । बालजीवनीतर्फ उनका रामोन म्यागासेसे पुरस्कार विजेता अन्तर्राष्ट्रिय नेपाली प्रतिभाहरू (२०६५) र चर्चित महिला प्रतिभा (२०७३) गरी दुई पुस्तक छन् भने तथ्यपुस्तकतर्फ सोनियाको कथा (२०७५) रहेको छ । उनले चिनियाँ बालकथाहरूलाई पनि नेपालीमा अनुवाद गरेका छन् र त्यो कृति माहुरी र गँडेउला (२०६४) शीर्षकमा प्रकाशित छ । उनले केही प्रतिनिधिमूलक बालकृतिको सम्पादन गर्नुका साथै विभिन्न लेखकका बालकृतिहरूको सम्पादनसमेत गरेका छन् । यस्ते कृतिको सङ्ख्या पनि निकै छ । प्रधानले बालसाहित्यका अतिरिक्त समालोचना र कविताका क्षेत्रमा अनि पत्रकारिताका क्षेत्रमा पनि महत्वपूर्ण योगदान गरेका छन् । उनको साहित्यिक यात्रालाई हेर्ने हो भने करिब ५० वर्ष पुग्न लागेको देखिन्छ । उनका विभाजित मान्छे (३०४०), एकान्तगीत (२०५४) र एक उदास साँझ (२०७२) कवितासङ्ग्रह प्रकाशित छन् । यस्तै केही अध्ययन : केही अनुसन्धान (२०४४), नेपाली बालसाहित्यको इतिहास (२०५७), मोरङमा पत्रकारिताको अर्धशताब्दी (२०६०), नेपाली बालवाङ्मय परिचयकोश (२०६५), नेपाली निबन्धको इतिहास (२०६६), नेपाली बालवाङ्मय परिचयकोश २०६४-२०७० (२०७५) र बालसाहित्यमा विनय कसजू : योगदान र मूल्याङ्कन (२०७६) गरी समालोचना र अनुसन्धानका ७ पुस्तक प्रकाशित छन् । उनको सम्पादनमा समेत थुप्रै पुस्तक प्रकाशित भएका छन् । नेपाली भाषासाहित्यको सेवा गरेवापत यस अवधिमा उनी विभिन्न सङ्घसंस्थाहरूबाट पुरस्कृत एवम् सम्मानितसमेत भएका छन् । उनले सबैभन्दा पहिले आफ्नो दोस्रो कवितासङ्ग्रह विभाजित मान्छेका लागि २०४० सालमा प्रतिभा पुरस्कार पाएका थिए । त्यसपछि उनले व्यथित काव्य पुरस्कार (२०४६), सर्वोत्कृष्ट युवा (साहित्य) पुरस्कार (सन् १९९१), युवा वर्ष मोती पुरस्कार (२०५४), महामण्डल साहित्य सम्मान (२०६८), नइ कीर्तिनिधि पुरस्कार (२०७०), बबरसिंह थापा स्मृति सम्मान (२०७१), डा.गणेश भण्डारी स्मृति पुरस्कार (२०७१), भोग्य मानार्थ सदस्यता सम्मान (२०७२) र ज्ञानप्रसाद खनाल सहिष्णुता स्रष्टा सम्मान (२०७७) जस्ता पुरस्कारहरू नेपाली साहित्यमा योगदान गरेवापत पाएका छन् । बालसाहित्यतर्फ उनले कान समात् कान र टुसा खाने मुसाका लागि क्रमशः २०५४ र २०७४ सालको नेबासास सर्वोत्कृष्ट बालपुस्तक पुरस्कार प्राप्त गरे भने सधैंभरि लुकामारी बालकविता सङ्ग्रहका लागि २०६२ सालको साझा बालसाहित्य पुरस्कार प्राप्त गरेको देखिन्छ । यस्तै नेपाली बालसाहित्यको इतिहास लेख्नुका अतिरिक्त विभिन्न पत्रपत्रिकामा बालसाहित्यसम्बन्धी धेरै रचना प्रकाशित गरेवापत उनले २०६० सालमा जमर्को बालपत्रकारिता पुरस्कार प्राप्त गरे भने नेपाली बालवाङ्मय परिचयकोशजस्तो बृहत् अनुसन्धानमूलक कृति लेखेबापत उनले २०६५ सालमा कविताराम बालसाहित्य प्रवर्द्धन सम्मान र पुष्कर गौतम बालसाहित्य पुरस्कार प्राप्त गरेका थिए । यसका अतिरिक्त बालसाहित्य लेखन र अनुसन्धानका क्षेत्रमा योगदान गरेकोमा उनले रमेश विकल बालसाहित्य पुरस्कार (२०७३), शुभकामना सम्मान (२०७५), निर्मला प्रेम बालसाहित्य सम्मान (२०७५), विष्णुमाया हरिनारायण श्रेष्ठ स्मृति बालसाहित्य सम्मान (२०७५), दुर्गादेवी वरिष्ठ बालसाहित्य लेखक/अनुसन्धाता सम्मान (२०७५), बालसाहित्य पुरस्कार (शिशुसेवा समिति, २०७६) र शब्दयात्रा विष्णुमाया टीकाप्रसाद बालसाहित्य सम्मान (शब्दयात्रा प्रकाशन, बनेपा, २०७७) जस्ता पुरस्कारहरू प्राप्त गरेका छन् । उनी गोरखा दक्षिणबाहु चौथोबाट पनि विभूषित छन् । उनी वासुशशी स्मृति परिषद्बाट २०५२ मा, नवरङ्ग साहित्य प्रतिष्ठान, धरमपुर, झापाबाट २०५४ मा, प्रयास साहित्यिक समूह, नेपालगन्ज र नेपालगंज उद्योग वाणिज्य सङ्घबाट २०५८ सालमा र पूर्वाञ्चल कलाकार सङ्घ, ईटहरी र परिवर्तन नेपाल, काठमाडौंबाट २०६० मा सम्मानितसमेत भइसकेका छन् ।

# नयाँ वर्षमा निसान गाडी किन्दा ११ लाख ७४ हजार सम्मको फाइदा लिन सकिने

काठमाडौं । निसान गाडीको नेपालका लागि आधिकारिक बिक्रेता लाखसम्म नगद छुट दिने जनाएको छ । साथै नयाँ वर्ष अफर अन्तर्गत वारेन्टी दिएको छ । यसैगरी, कम्पनीले एक वर्षको रोड कर र बीमा निशुल्क




पायोनियर मोटो कर्पले नयाँ वर्ष अफर सार्वजनिक गरेको छ । सो अफर अन्तर्गत निसानको नयाँ गाडी खरिद गर्दा ग्राहकले ११ लाख ७४ हजार रुपैयाँसम्मको फाइदा लिन सक्नेछन् ।

यो नयाँ योजनामा निसान गाडी खरिद गर्ने ग्राहकलाई कम्पनीले ८ ग्राहकले २ लाख रुपैयाँ अतिरिक्त नगद वोनस समेत पाउनेछन् । अन द स्पट एक्सचेन्ज सुविधा उपलब्ध हुने यो योजनामा ग्राहकले आफ्नो पुरानो गाडीमा आकर्षक मूल्यांकन पाउनेछन् ।

कम्पनीले निसान गाडी खरिद गर्ने ग्राहकहरुलाई ३ वर्षसम्म सर्भिस र प्रदान गर्ने जनाएको छ । यस्तै, कम्पनीले सजिलो बैंकिङ र फाइनान्सिङको पनि सुविधा उपलब्ध गराउने जनाएको छ । यी सबै गरेर ग्राहकहरुले कुल ११ लाख ७४ हजार रुपैयाँसम्मको फाइदा लिन सक्नेछन् ।

# सार्वजनिक हुनुअघि विशेष मूल्यमा ७ सिटर जिप मेरिडियनको बुकिङ खुल्ला, टेस्ट ड्राइभ गर्न सकिने

काठमाडौं - अमेरिकी अटोमोबाइल ब्रान्ड जिपले नेपालमा नयाँ प्रिमियम एसयुभी जिप मेरिडियनको बुकिङ खुल्ला गरेको छ । नेपालका लागि जिपको आधिकारिक विक्रेता एमएडब्लु लाइफले जिप मेरिडियनलाई नेपाली बजारमा सार्वजनिक गर्नुअघि विशेष मूल्यमा बुकिङ खुल्ला गरेको हो ।

जिप मेरिडियन अमेरिकी विरासत हुनेछ जसको 'नाइन-स्पिड अटोमेटिक ट्रान्समिसन'ले १६८ बीएचपी पावर र ३५० एनएम टर्क उत्पन्न गर्नेछ । यसमा 'स्यान्ड', 'मड', 'स्नो' र 'अटो अप्सन' रहेको 'सेलेक-टेरेन'सहितको जिपको 'लेजेन्डरी फोर बाई फोर सिस्टम' रहेको छ । जिप मेरिडियन 'एड्भेन्चर' र 'सोफिस्टि केसन'को अनुपम मिश्रण हो जसमा धेरै 'सेग्मेन्ट-ग्रिल', 'डीआरएल'सहितको 'पावरफुल एलईडी प्रोजेक्टर हेडल्याम्प', 'बम्परमा राखिएका सिल्भर लाइनहरु र 'क्रोम फिनिस'ले मेरिडियनलाई आधुनिक 'एसयुभी'को रुप दिएको छ । मेरिडियनमा जिपको 'यु-कनेक्ट' जडित १०.१ इन्चको टचस्क्रिन, १०.२ इन्चको 'डिजिटल इन्स्ट्रयुमेन्ट क्लस्टर', 'पानोरामिक सनरुफ', 'वायरलेस स्मार्ट




बोकेको जिप ब्रान्डको पहिलो 'सेभेन-सिटेड' 'फोर बाई फोर' क्षमता भएको एसयुभी हो जसलाई एमएडब्लु लाइफले केही सातामा नेपालमा सार्वजनिक गर्ने तयारी थालेको बताएको छ । नेपालमा जिप मेरिडियनको लन्चअघिको विशेष मूल्य एक करोड ८० लाख ९० हजार रुपैयाँ कायम गरिएको छ । यसैबीच, एमएडब्लु लाइफले आफ्नो काठमाडौं नक्सालस्थित सोरुमबाट जिप मेरिडियनको 'डिस्प्ले' तथा 'टेस्ट ड्राइभ' पनि सुरु गरिसकेको छ । नेपालमा मेरिडियनको टप भेरिएन्ट लिमिटेड (ओ) उपलब्ध हुनेछ । मेरिडियनमा २.० लिटरको 'मल्टिजेट डिजेल इन्जिन' फर्स्ट' फिचरहरु छन् र यो 'अनरोड' र 'अफरोड' दुवैका लागि क्षमतावान् छ । प्रिमियम इन्टेरियर, ठूलो क्याबिन स्पेस, अत्याधुनिक प्रविधि र व्यवहारिक फिचरहरुले जिप मेरिडियनलाई बजारमा उपलब्ध 'सेभेन-सिटर एसयुभी' मध्येमा अब्बल बनाएको छ । भारतमा केही समयअघि सार्वजनिक गर्नुअघि जिपले मेरिडियनलाई यसको 'ड्युरेबिलिटी' र 'कन्सिस्टेन्ट पर्फमेन्स' प्रत्याभुत गर्न एक लाख किलोमिटर कठोर परीक्षणमा राखेको थियो । जिप मेरिडियन कठोर भौगोलिक अवस्थाका लागि जबरदस्त मात्र छैन सुन्दर पनि छ । जिपको 'आइकनिक सेभेन-स्लट कनेक्टिभिटी', 'वायरलेस फोन चार्जिङ', 'डुअल-जोन क्लाइमेट कन्ट्रोल', 'भेन्टिलेटेड पावर्ड फ्रन्ट सिट' र 'पावर टेलगेट' लगायतका फिचर छन् । साथै, सुरक्षाका लागि यसमा ६ वटा 'एयर ब्याग', '३६० डिग्री क्यामेरा', 'टायर प्रेसर मनिटरिङ', 'ट्र्याक्सन कन्ट्रोल', 'ईएससी', 'हिल-स्टार्ट एन्ड डिसेन्ट कन्ट्रोल' जस्ता फिचर छन् ।

प्रिमियम फिचरले भरिएको मेरिडियनलाई टेस्ट ड्राइभ गर्न चाहनेले धधध.वभभउ.अफ.लउ मा लगइन गरी वा ९८०११४५५४५ मा फोन गरी टेस्ट ड्राइभ बुक गर्न सक्ने कम्पनीको भनाइ छ ।

# महिन्द्र एक्सयूभी ४०० को डेलिभरी शुरु, कहिले आउला नेपाल

भारतमा महिन्द्राको पहिलो स्पोर्ट्स युटिलिटी भेइकल 'एक्सयूभी ४००' को डेलिभरी प्रारम्भ भएको छ । पहिलो चरणमा ४ सय युनिट एक्सयूभी ४०० डेलिभरी भएको हो । यद्यपि महिन्द्रा एक्सयूभीको टप स्पेक ईएल भेरिएन्ट मात्र हाल डेलिभरी भएको छ । यसको बेस स्पेक ईसी भेरिएन्टको डेलिभरी भने यस वर्षको अन्त्यसम्ममा सुरू हुने अग्नि ग्रुप अन्तर्गतको अग्नि इन्कर्पोरेटेड प्रालिका डेपुटी डाइरेक्टर वरदान बस्नेत भन्छन्, 'अग्नि गरुप नेपालको ईभी बजारमा पायोनियर कम्पनी हो । आजभन्दा २ दशक अगाडि नै हामीले रेभा ब्रान्डको इलेक्ट्रिक कार ल्याएर बिक्री थालेका थियौ । पछि यसलाई महिन्द्राले उत्पादन थालेसँगै ईटुओ ब्रान्डमा आयो । अहिले नेपालमा समेत आउने अनुमान गर्न सकिन्छ । नेपाली बजारमा अन्य कम्पनीहरुले लगातार रुपमा नयाँ मोडल भित्र्याँरहदा महिन्द्राले भने कुनै पनि मोडल उपलब्ध गराउन सकेको छैन । रेभा र ईटुओ जस्ता मोडल पनि छैनन् । यो अवस्थामा आगामी दिनमा महिन्द्रा एक्सयूभीले नयाँ रौनक ल्याउने अपेक्षा गरिएको छ ।




कम्पनीले बताएको छ । नेपालमा समेत महिन्द्रा एक्सयूभी ४०० को प्रतीक्षा भइरहेको छ । हाल महिन्द्राको नेपालका लागि आधिकारिक वितरक अग्नि इनर्जीले बिक्रीका लागि कुनै पनि मोडल उपलब्ध गराएको छैन । कुनै समयमा रेभा र ईटुओ लगायतका इलेक्ट्रिक सवारी साधन उपलब्ध गराएर नेपाली ईभी बजारको पायोनियर बनेको अग्नि इनर्जीले अब ल्याउने मोडलका वारेमा चासो हुन पनि स्वाभाविक हो । पनि यी ब्रान्डको ईभी सडकमा गुडेको हामी देख्न सक्छौ । जहाँसम्म महिन्द्राले हालसालै सार्वजनिक गरेको एक्सयूभी ४०० ईभीको विषय छ, यो गाडी उचित समयमा नेपाल आउने छ । भारतमा अहिले बुकिङ मात्र खुल्ला गरिएको कारण बिक्री शुरु हुन केही समय लाग्ने देखिन्छ । भारतमा बिक्री शुरु भएपछि मात्र यो ईभी नेपाल आउने बाटो खुल्नेछ ।' यसका आधारमा अबको केही महिना पछि यो गाडी

एक्सयूभी ४०० लाई महिन्द्राले दुई वटा ब्याट्री प्याकमा उतारेको हो । यसमा जडान गरिएको ३४.५ किलोवाट आवरको सानो ब्याट्री प्याकले ३७५ किलोमिटर र ३९.४ किलोवाट आवरको प्याकले ४५६ किलोमिटर रेन्ज प्रदान गर्ने दावी गरिएको छ । यी दुवै ब्याट्री प्याकमा फ्रन्ट एक्सेल माउन्टेड इलेक्ट्रिक मोटर दिइएको छ । जसको अधिकतम पावर १५० एचपी र टर्क ३१० एनएम रहेको छ ।

## चट्याङबाट आफू बचौं र अरुलाई पनि बचाऔं ।

**चट्याङबाट बच्न**

**घरबाहिर हुनुहुन्छ भने,**

- अग्लो र एक्लो रुखमुनि नबस्ने,
- पौडिने, माछा मार्ने तथा ऱ्याफ्टिङजस्ता क्रियाकलाप नगर्ने.
- खुल्ला मैदानमा नबस्ने,
- धातुबाट बनेका तारबार नजिक नबस्ने,

***घरभित्र हुनुहुन्छ भने,***

- विद्युतीय सामग्रीहरू जस्तै टीभी, कम्प्यूटर, फ्रिज, वासिङ मेसिन नजिक नबस्ने र प्रयोग नगर्ने,
- तारसहितको टेलिफोन (ल्याण्डलाईन) प्रयोग नगर्ने,
- घरबाट बाहिर ननिस्किने,
- धारामा नुहाउने, लुगा धुने र भाँडा माझ्ने काम नगर्ने ।

नेपाल सरकार

विज्ञापन बोर्ड

जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, प्रधानसम्पादक : मोहन कार्की(९८५१०८७१५६), सम्पादक : ईन्दिरा धमला, ,कम्प्युटर: जनआकाश डेस्कटप

प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, पोष्ट बक्स नं. १६५६, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस